**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर


The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





**विज्ञापनको निम्ति सम्पर्क**

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १७२ ★ ने. सं. ११४६ तछला गा, औँशी ★ मङ्गलबार ★ ३० असार, २०८३ ★ July 14 , 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





दक्षिण चीनको क्वाङ्सी चुआङ स्वशासित प्रान्तको कुइगाङ सहरमा भारी वर्षापछि आएको बाढीमा फसेका विद्यालयका विद्यार्थी र अन्य जनतालाई उद्धार गरी सुरक्षित स्थानतर्फ लग्दै चिनियाँ कम्युनिस्ट पार्टी आवद्ध उद्धारकर्मीहरू जुलाई १२, २०२६ को दिन । चिनियाँ कम्युनिस्ट पार्टी र चीन सरकारले बाढी पीडित सबै प्रान्त र क्षेत्रमा उद्धार तथा सरसफाइमा स्वयम्सेवा गर्न आह्वान गरेपछि लाखौं स्वयम्सेवीहरू पीडित जनताको उद्धार तथा सरसफाइ कार्यमा जुटेका छन् । *तस्बिर : सिन्ह्वा*

# भक्तपुर नपाको बीसौँ नगरसभा सम्पन्न



भक्तपुर, २९ असार । २०८३ असार ७ गतेबाट सुरु भएको भक्तपुर नगरपालिकाको बीसौँ नगरसभा असार २९ गते सोमबार सम्पन्न भयो ।

नगरसभाका सभाध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको नगरसभाको सोमबारको बैठकले भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०८३ सर्वसम्मतिले पारित गऱ्यो ।

बैठकले भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को खरिद गुरु योजना र वार्षिक खरिद योजना, भक्तपुर नगरपालिकाबाट कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८३, देको मिवा इतापाके जग्गा एकीकरण आयोजनासम्बन्धी घरलाइन र साविक क्षेत्रफलबमोजिम नक्सा पाससम्बन्धी प्रस्ताव र नगरपालिकाको कर्मचारी म्याद थप, तलबी प्रतिवेदन, विकास निर्माण र योजनाहरूको फरफारकसम्बन्धी विविध प्रस्तावहरू पारित गर्यो । सभाले भक्तपुर नगरपालिका, भौतिक पूर्वाधार तथा निर्माण मापदण्डसम्बन्धी विनियम, २०६० को परिच्छेद-५ अन्तर्गत रहेको विशेष व्यवस्थामा नयाँ बुँदा नं. १४ थप गर्ने प्रस्ताव पारित गऱ्यो ।

सभामार्फत सभाध्यक्ष प्रजापतिले २० औँ नगरसभा उद्घाटन समारोहका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि गण, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी, नगरबासीलगायतमा नगरसभा सफलतापूर्वक सम्पन्न गर्न योगदान पुऱ्याउनुहुने सभासद्हरूलाई समेत धन्यवादज्ञापन गर्नुभयो ।

उहाँले जनप्रतिनिधि जुनसुकै अवस्थामा पनि जनताको सेवाका लागि सधैँ तयारी अवस्थामा रहनुपर्ने उल्लेख गर्दै जनप्रतिनिधि र कर्मचारीहरूले जनताको हितलाई केन्द्रमा राखेर जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले गरेका हरेक काम र गतिविधिलाई जनताले सूक्ष्म रूपमा मूल्याङ्कन गरिरहेको उल्लेख गर्दै उहाँले जनविश्वास कायम राख्न पारदर्शी, उत्तरदायी र प्रभावकारी ढङ्गले काम गर्नुपर्ने बताउनुभयो ।

उक्त सभामा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाको २० औँ नगरसभाको सङ्क्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

# कार्की आयोगको प्रतिवेदन सार सङ्क्षेप – ५४

**जिल्ला प्रशासन कार्यालय, मकवानपुर**

जेन्जीको नाममा २०८२ भदौ २३ गतेको घटना र भदौ २४ गते राति नेपाली सेनाको परिचालनपश्चात् बिहानसम्म व्यक्तिगत रिरिइबीका कारण सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथिको आक्रमण सम्बन्धमा उक्त प्रदर्शनको क्रममा मकवानपुर जिल्लामा भएको घटनासम्बन्धी विवरण देहायबमोजिम रहेको व्यहोरा आदेशानुसार अनुरोध छ ।

**मिति २०८२ भदौ २३ गतेको मुख्य घटनाक्रम**


मिति २०८२/०५/ २३ गते बिहान १०:०० बजे उपमहानगरपालिकाको कार्यालय अगाडि अन्दाजी १२००/१३०० जना युवा/विद्यार्थीहरू भेला (जम्मा) भई विभिन्न नाराहरू गर्दै प्रदर्शन सुरु भएको । प्रदेश सभा कार्यालयअगाडि पुगी नाराबाजी गरी पुनः राम मन्दिर, बाइपास रोड, TCN रोड, सीमाचोक हुँदै बुद्ध चोकमा पुगी नाराबाजी गरी १५:१५ बजेको समयमा शान्तिपूर्ण रूपमा तितरवितर भएको ।

**मिति २०८२ भदौ २४ गतेको मुख्य घटनाक्रम**


- अन्दाजी ०९:०० जिल्ला मकवानपुर हेटौँडा उपमहानगरपालिका वडा नं. ४ सीमा चोकमा अन्दाजी १००/२०० जनाको सङ्ख्यामा युवाहरू भेला भई प्रदर्शन सुरु गरेकोमा पछि युवाहरू थपिदै अ.१५००/२००० जनाको सङ्ख्यामा जम्मा भई सरकारी कार्यालयहरू तोडफोड तथा आगजनी गर्दै अगाडि बढेको ।
- मिति २०८२/०५/२४ गते अन्दाजी १०:४५ मकवानपुर बहुमुखी क्याम्पस भित्र लगाईएको विद्यार्थी सङ्गठनको व्यानर तोडफोड गरिएको ।
- अन्दाजी ११:३० बजेको समयमा हेटौडा उपमहानगरपालिका वडा नं. १० स्थित युद्धचोकमा रहेको हेटौडा उपमहानगरपालिकाको बोर्ड तोडफोड गरीएको ।
- अन्दाजी ११:५० अन्दाजी २००/२५० जनाको सङ्ख्यामा रहेका जेनजेड समर्थकहरूले मनहरी गाउँपालिका वडा नं. ७ मनहरी बजारमा इलाका प्रहरी कार्यालय नजिकै रहेको नेपाली काङ्ग्रेस, एमाले र ने.क.पा. माओवादी पार्टी कार्यालयको ताल्चा फोडी जलाएको ।
- अन्दाजी १२:४५ प्रदर्शनकारीहरूले जिल्ला समन्वय समिति मकवानपुरको तीन तले भवनमा तोडफोड तथा आगजनी तथा उद्योग तथा वाणिज्य कार्यालयको गाडीमा आगजनी गरेको ।
- अन्दाजी १२:५५ बजे जिल्ला मालपोत कार्यालयमा प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी गरी पूर्ण रूपमा क्षति गरेको ।
- अन्दाजी १३:३० वाग्मती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय रहेको ६ तले भवन तोडफोड तथा आगजनी ।
- अन्दाजी १३:४० वाग्मती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा तोडफोड गरी फर्निचरका सामानहरू निकाली आगजनी गरी सरकारी मोटरसाइकलमा समेत आगो लगाएको ।
- अन्दाजी १३:५५ अख्तियार दुरूपयोग अनुसन्धान कार्यालयमा तोडफोड आगजनी ।
- अन्दाजी १४:०० आन्तरिक राजस्व कार्यालय तोडफोड तथा आगजनी गरेको ।
- अन्दाजी १४:१० हेटौडा उपमहानगरपालिका वडा नं. २ स्थित रहेको उच्च अदालत पाटनको हेटौँडा इजलास तोडफोड तथा आगजनी गरेको ।
- अन्दाजी १४:२० उच्च सरकारी वकिल कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयमा प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी गरेको । भवनको पहिलो तला आगजनीबाट पूर्ण रूपमा क्षति भएको र दोस्रो, तेस्रो तलामा तोडफोड गरी क्षति पुऱ्याएको ।
- अन्दाजी १४:३५ वाग्मती प्रदेशको प्रदेश सभा भवनमा प्रदर्शनकारीहरू प्रवेश गरी आगजनी ।
- अन्दाजी १४:४५ स्वास्थ्य मन्त्रालय र सामाजिक विकास मन्त्रालयको ४ तले भवन प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी गरी पूर्ण रूपमा क्षति भएको ।
- अन्दाजी १४:५५ जिल्ला मकवानपुर मनहरी गाउँपालिकाका वडा नं. ९ मा रहेको मनहरी गाउँपालिकाको कार्यालयमा प्रदर्शनकारीहरूले आगजनी गरेको ।
- अन्दाजी १५:४५ इलाका प्रहरी कार्यालय नेवारपानीमा प्रदर्शनकारीहरू प्रवेश गरी आगजनी गरेको ।
- अन्दाजी १५:५५ बानिया निर्माण सेवाको १० कोठाको भुइँतले यार्ड प्रदर्शनकारीहरू प्रवेश गरी तोडफोड तथा आगजनी गरी पूर्ण रूपमा क्षति भएको ।
- अन्दाजी १६:१० वडा कार्यालय भवनमा रहेको डिजिटल बोर्ड, CCTV क्यामरा प्रदर्शनकारीहरूले तोडफोड गरेको ।
- अन्दाजी १६:२० सवारी परीक्षण कार्यालयमा रहेको स्कारपियो १, पिकअप-१. मो.सा.२ आगजनी गरी पूर्ण रूपमा क्षति गरेको ।
- अन्दाजी १६:२५ यातायात व्यवस्था कार्यालयमा प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी गरी पूर्ण रूपमा क्षति गरेको ।
- अन्दाजी १६:३० नारायणी यातायात व्यवसाय कम्पनी प्रा.लि. मा तोडफोड तथा आगजनी गरेको ।
- अन्दाजी १६:३५ उपमहानगरपालिका वडा नं. ३ बसामाडीस्थित रहेको प्रहरी चौकी तोडफोड तथा आगजनी क्षति ।
- अन्दाजी १६:४० सहरी विकास तथा भवन कार्यालय प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी ।
- अन्दाजी १७:०० जिल्ला अदालत मकवानपुरमा प्रदर्शनकारीहरू प्रवेश गरी कार्यालयमा तोडफोड ।

*बाँकी पृष्ठ २ मा*

**व्यङ्ग्यचित्र कुनो**



The Strait of Hormuz




US-Iran Peace Agreement

# के यी सत्य हुन् ?

● भदौ २३ र २४ गतेको उपद्रवमा ७ अर्ब रुपैयाँको सरकारी गाडी आगजनी गरियो । रास्वपाको बालेन सरकार अहिले ३ अर्ब रुपैयाँको गाडी खरिद गर्दै छ । यसमा के कति कमिसन लेनदेन हुने हो ? आगामी दिनमा पुष्टि हुनेछ । के प्रधानमन्त्री र गृहमन्त्रीले बानेश्वरस्थित पुरानो संसद् भवनमा सरकारी गाडी के कति खरानी अवस्थामा छ, कहिल्यै निरीक्षण गरे ?

● सिंहदरबारको दक्षिण ढोका अगाडि निहारिका राजपूत र विष्णु यादव नामका दुई महिला एक बच्चासहित वर्षाको पानीमा रुझ्दै धर्नामा बसे । न्याय माग्न काठमाडौँ आउन नपर्ने भन्ने बालेन सरकारले आफूहरूलाई भेटसमेत नदिएकोमा उनीहरूको विरोध थियो । सरकारी अङ्गले आफूहरूलाई बन्दुकको नाल तेर्स्याएको भन्ने उनीहरूको गुनासो थियो । सरकारका प्रहरीले जबरजस्ती उठाएपछि उनीहरूले सिंहदरबारअगाडि ‘बालेन सरकार मुर्दावाद’ नारा लगाएका थिए ।

● रास्वपाका सरकार प्रमुख बालेनले अर्थमन्त्री वाग्ले बजेटमा करको दर हेरफेरमा लागेको भन्दै निजी क्षेत्रसँग छलफलमा वाग्लेलाई राखेनन् । त्यसपछि वाग्लेले रास्वपा सभापति रविसँग सरकार प्रमुखको टोलीले आफूलाई नङ्ग्याउन खोजेको गुनासो गरे । वाग्लेले इभी गाडीको कर दर चुहाएर २ अर्ब भ्रष्टाचार गरेको यसअघि नै सार्वजनिक भएको थियो ।

● बुद्ध छिरिङ मोक्तानले सिँहदरबार जलाएर आएको मुलुकलाई खरानी बनाएर आएको सरकारले न्याय दिने अपेक्षा गर्न नसक्ने बताए ।

# सरकारको मुख नताकी आत्मनिर्भरताका साथ अघि बढ्नुपर्ने




हेटौँडा, २९ असार । मकवानपुर बहुमुखी क्याम्पसको आयोजनामा Peer Learning Seminar - २०८३ Lead क्याम्पसहरूको सञ्चालक समिति र कार्य समिति गठन गरी आइतबार सम्पन्न भयो ।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका पूर्वअध्यक्ष देवराज अधिकारीले आयोगको निश्चित मापदण्ड पूरा गरी Lead क्याम्पस घोषित सात क्याम्पसले सहभागी क्याम्पसलाई समेत समेटेर आयोग र सरकारको मुख नताकी आत्मनिर्भरताका साथ अघि बढ्न आवश्यक कार्य योजना बनाउन सुझाव दिनुभयो ।

अब क्याम्पसहरूलाई आयोगले नियमित अनुदानबाहेक थप अनुदान नआउने जानकारी दिँदै उहाँले कलेजलाई आयआर्जन गर्ने लर्निङ सेन्टरको रूपमा विकास गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पुरानो भार बोकेर नयाँ उचाइमा पुग्न सकिँदैन, अब नयाँ सोच र नयाँ सिराबाटै अघि बढ्नुपर्ने छ । यसमा नयाँ बनेका समितिहरूले धेरै मेहनत गर्नुपर्ने छ, सफलता मिलोस् भन्ने शुभेच्छा पनि छ ।"

त्रिवि व्यवस्थापन सङ्कायका पूर्वडिन डिल्लीराज शर्माले सामुदायिक क्याम्पसहरूले सामना गर्दै आएका चुनौतीहरूको बुँदागत विश्लेषण गरी त्यसको समाधानका उपायहरू पनि सुझाउनुभयो । उहाँले क्याम्पसहरूले विद्यार्थीकेन्द्रित गतिविधि गरी कलेजलाई समुदायसँगै जोडेर अघि बढ्नुपर्ने बताउनुभयो ।

समान हैसियतका कलेजहरूबिच आपसी सहकार्य गरी एकको समस्यालाई अर्काले पनि समाधान गर्न अर्कोले पनि साथ दिएर अघि बढ्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

यसअघि कार्यक्रममा आदिकवि भानुभक्त बहुमुखी क्याम्पसका प्रमुख महाप्रसाद भदखलेले लिड क्याम्पसहरूको भावी रणनीतिक मार्गचित्रबारे आफ्ना धारणा राख्नुभएको थियो ।

सेमिनारमा सहभागी १० ओटै कलेज व्यवस्थापन समितिका अध्यक्षहरूलाई आ-आफ्नो विचार राख्न लगाइएको थियो । सहभागी सबै अध्यक्षले लिड क्याम्पसहरूको एकताको खाँचो औँल्याई साझा समस्या समाधान गर्न विचार-आस्था बाधक नहुनेमा जोड दिएका थिए ।

वागीश्वरी कलेज व्यवस्थापन समितिका प्रतिनिधि ज्ञानसागर प्रजापतिले वागीश्वरी कलेज क्युएए प्राप्त कान्छो कलेज भएको चर्चा गर्दै क्युएएको दोस्रो सर्कलको लागि हालै मात्र छनोट भएकाले दोस्रो र तेस्रो सर्कल पूरा गरेका अग्रज कलेजहरूबाट धेरै सिक्न बाँकी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "यद्यपि, कलेजको छोटो अवधिमा प्राप्त गरेका सफलताहरूले हामीलाई उत्साहित बनाएका छन् ।"

नन्-क्रेडिट कोर्स सञ्चालन गरी चार वर्षमा चार सीप विद्यार्थीलाई प्रदान गर्ने र विद्यार्थीले समुदायमा आधारित विभिन्न क्रियाकलापमा पाएको सफलताको चर्चा गर्दै उहाँले सेमिनारबाट थप ऊर्जा मिलेको बताउनुभयो ।

सेमिनारबाट मकवानपुर बहुमुखी क्याम्पसका अध्यक्ष अर्जुनप्रसाद पौडेलको संयोजकत्वमा सात ओटै लिड क्याम्पस व्यवस्थापन समितिका अध्यक्षहरू रहने गरी एक सञ्चालक समिति र मकवानपुर बहुमुखी क्याम्पसकै क्याम्पस प्रमुख यम सिलवालको संयोजकत्वमा सात ओटै लिड क्याम्पसका क्याम्पस प्रमुखहरू रहेको एक कार्य समिति गठन गरिएको छ ।

# सूर्यविनायकमा भ्रष्टाचारविरोधी आन्दोलनको संस्मरण

भक्तपुर, २९ असार । नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर वडा नं. ५ समितिको आयोजनामा 'भ्रष्टाचारविरोधी आन्दोलन'को संस्मरण कार्यक्रम आइतबार भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य कमलमैयाँ सुवालले इतिहासबाट सिक्नुपर्ने र अग्रजहरुको योगदानलाई कदर गर्नुपर्ने बताउनुभयो ।

२०२५/२६ सालको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण गर्दै उहाँले भ्रष्टाचारविरोधी आन्दोलनको सार्थकता आज पनि उत्तिकै रहेको बताउनुभयो ।

हिजोका शासकहरूले देश र जनताको इमानदारीपूर्वक सेवा नगरेको कारण भदौ २३-२४ को घटना भएको उल्लेख गर्दै उहाँले अहिलेको सरकारले पनि जनताको भावनाअनुसार नभई विदेशीको इसारामा काम गरिरहेको छ भन्नुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छेँले पार्टीका अग्रज कार्यकर्ताहरू सचेत र सङ्गठित भएकै कारण २०१९ साल र २०२४ सालको भ्रष्टाचारविरोधी आन्दोलन सफल भएको बताउनुभयो ।

भ्रष्टाचार निर्मूल नभएसम्म देश र जनताको हित नहुने उहाँले उल्लेख गर्नुभयो ।

रामकृष्ण बखुन्छेँको सभापतित्वमा भएको उहाँ कार्यक्रममा राजेन्द्र बखुन्छे र राधेश्याम भुजुले पनि बोल्नुभएको थियो ।

# भानु जयन्तीमा वागीश्वरीमा कविता प्रतियोगिता




भक्तपुर, २९ असार । वागीश्वरी माविमा अध्ययनरत विद्यार्थीबिच सोमबार कविता प्रतियोगिता सम्पन्न भयो ।

आदिकवि भानुभक्त आचार्यको २१३ औँ जयन्तीको अवसरमा भएको उक्त प्रतियोगितामा विद्यालयका पूर्वसहायक प्रधानाध्यापक ज्ञानसागर प्रजापतिले आदिकवि आचार्यद्वारा रचित कविता वाचन गर्नुका साथै आदिकविको योगदानबारे चर्चा गर्नुभयो ।

वागीश्वरी मा.वि. नेपालकै नमुना विद्यालयहरूमा पर्ने उल्लेख गर्दै उहाँले अनुशासित र लगनशील भई अध्ययन गर्न विद्यार्थीलाई सल्लाह-सुझाव दिनुभयो ।

निर्णायकको तर्फबाट नतिजा प्रस्तुत गर्दै शिक्षक हिरालाल फुँयालले वाचित कविताबारे चर्चा गर्नुभएको थियो । प्रतियोगितामा बन्धना शाही पहिलो, सृष्टि तिमिल्सिना दोस्रो, मनिसा पुन तेस्रो र अञ्जली डोङ प्रोत्साहन पुरस्कार जित्न सफल भएको थियो ।

# सोमबार आदिकवि भानुभक्तको २१३ औँ जन्मजयन्ती मनाइयो

काठमाडौँ, २९ असार । आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्ती सोमबार देश तथा विदेशमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो ।

संस्कृत भाषामा लेखिएको अयोध्याका राजा रामको जीवनीलाई भावानुवादसहितको 'रामायण' प्रस्तुत गरेर भानुभक्तले नेपालीलाई ठुलो गुन लगाउनुभएको छ । उहाँले लेख्नुभएको रामायण अहिले पनि नेपालीको घर-घरमा सस्वर लय हालेर पाठ गरिन्छ ।

पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गर्नुभएको नेपाललाई आदिकवि भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गर्नुभएको बताइन्छ ।

विसं १८७१ असार २९ गते तनहुँको चुँदीरम्घामा जन्मिनुभएका भानुभक्तलाई एक सामान्य घाँसीले 'जन्मेपछि राम्रो काम गरेर नाम कमाउनुपर्छ' भनी अर्ती दिएकाले रामायणलाई नेपालीमा रचना गर्न प्रेरित हुनुभएको थियो ।



त्यसैगरी, 'वधुशिक्षा' उहाँको अर्को प्रसिद्ध कृति हो । 'प्रश्नोत्तर', 'भक्तमाला', 'रामगीता', फुटकर रचनालगायत उहाँका कृति छन् । नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा भानुभक्तको ऐतिहासिक योगदान छ ।

आदिकविको स्मरण गर्दै सोमबार उहाँको प्रतिमामा माल्यार्पण र प्रभातफेरी गर्ने कार्यक्रम रहेको छ । नेपाल प्रज्ञा प्रतिष्ठान परिसरमा रहेको आदिकवि भानुभक्तको प्रतिमामा पनि माल्यार्पणसहित विशेष कार्यक्रमको आयोजना गरिएको छ ।

घरघरमा उहाँले नेपाली भाषामा भावानुवाद गर्नुभएको रामायण पाठ गरी भानु जयन्ती मनाउँछन् । यस अवसरमा भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा काम गर्ने संस्थाले आज विभिन्न कार्यक्रम गरी भानु जयन्ती मनाउँदैछन् । भानु प्रतिष्ठान र नेपाली शिक्षा परिषद्लगायत सङ्घसंस्थाले पनि विभिन्न कार्यक्रम आयोजना गरेका छन् ।

भानुभक्तको जन्मजयन्ती भारतको दार्जिलिङ, सिक्किम, भुटान, बर्मालगायत नेपाली भाषाभाषी धेरै रहेका देश एवं स्थानमा पनि मनाउने गरिएको छ । ***रासस***

# बत्ती अवरुद्ध हुने समस्या समाधान गर्न कर्णालीमा 'यान्त्रिक क्रेन' पठाइने

काठमाडौँ, २९ असार । सरकारले कर्णालीमा विद्युत् अवरुद्ध हुने समस्या समाधानका लागि 'यान्त्रिक क्रेन' पठाउने भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको पहलमा कर्णालीमा विद्युत् आपूर्तिमा भइरहेको अवरोधलाई समाधान गर्न 'यान्त्रिक क्रेन' पठाउने निर्णय गरेको हो ।

कर्णाली प्रदेशमा लाइन ट्रिपिङका कारण पटक-पटक विद्युत् अवरोध हुने समस्या र मर्मत कार्यका लागि आवश्यक यान्त्रिक क्रेन पठाउने निर्णय भएको मन्त्रालयले जनाएको छ । मन्त्री श्रेष्ठ दुई साताअघि तीन प्रदेशका पाँच जिल्लाको स्थलगत अनुगमनमा जाँदा सुर्खेतलगायत कर्णाली प्रदेशमा लाइन ट्रिपिङका कारण पटक-पटक विद्युत् अवरोध हुने समस्या र मर्मत कार्यका लागि आवश्यक यान्त्रिक क्रेनको अभावबारे जानकारी प्राप्त भएको थियो ।

उक्त विषयमा नेपाल विद्युत् प्राधिकरण कर्णाली प्रदेश प्रमुखले मन्त्री श्रेष्ठको ध्यानाकर्षण गराउनुभएको थियो । काठमाडौँ फर्केलगत्तै मन्त्री श्रेष्ठले विद्युत् अवरोध समाधानका लागि आवश्यक परेको 'यान्त्रिक क्रेन' पठाउन नियामक निकायसँग समन्वय गरेका गर्नुभएको थियो ।

"कर्णाली प्रदेशभित्रको विद्युत् समस्यालाई सम्बोधन गर्न गरिएको समन्वयले अब सार्थकता पाउँदैछ, आवश्यक प्रक्रिया र सर्भिसिङ पूरा भएपछि नेपाल विद्युत् प्राधिकरणको खरिपाटीस्थित ट्रान्सफर्मर वर्कशपमा रहेको यान्त्रिक क्रेन कर्णाली प्रदेशलाई उपलब्ध गराउने निर्णय भएको छ," मन्त्री श्रेष्ठले भन्नुभयो ।

उक्त निर्णयसँगै सेवा अवरुद्ध हुँदा अन्य प्रदेशबाट उपकरण ल्याउनुपर्ने बाध्यता कम भई विद्युत् मर्मत तथा सेवा प्रवाह थप छिटो, सहज र प्रभावकारी हुने मन्त्री श्रेष्ठको भनाइ छ । सार्वजनिक सेवाका व्यवहारिक समस्या समाधान गर्ने प्रयास निरन्तर जारी रहेको मन्त्री श्रेष्ठले बताउनुभयो । ***रासस***

***कार्की...***

- अन्दाजी १७:०५ कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रदर्शनकारीहरू प्रवेश गरी कार्यालयमा तोडफोड तथा आगजनी गरेको । तोडफोड तथा आगजनी कोप नियन्त्रकको कार्यकक्षका फाइलहरू छरपस्ट गरेको, जेनेरेटरमा आगजनी गरेको, टाटासुमो-१. मो.सा.-३ जली पूर्ण रूपमा नष्ट भएको ।
- अन्दाजी १७:१० वाग्मती प्रदेश प्रमुख सचिवको ३ तले पक्की निवास प्रदर्शनकारीहरूले तोडफोड गरी आगजनी ।
- अन्दाजी १७:२० वाग्मती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदर्शनकारीहरूले तोडफोड गरेको ।
- अन्दाजी १७:३० नापी कार्यालयको ३ तले भवनमा प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी ।
- अन्दाजी १७:४० लोकसेवा आयोग प्रदर्शनकारीहरूले तोडफोड गरेको ।
- अन्दाजी १७:५५ उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालयको भवनको झ्याल, ढोका तथा मूलगेट प्रदर्शनकारीहरूले तोडफोड ।
- अन्दाजी १८:१० रहेको हेटौँडा उपमहानगरपालिकाको ४ नं. वडा कार्यालय र जिल्ला खेलकुद विकास समितिको कार्यालयमा प्रदर्शनकारीहरूले आगजनी गरेको ।
- अन्दाजी १८:२० कृषि भवनमा प्रदर्शनकारीहरूले ढुङ्गामुढा तथा तोडफोड ।
- अन्दाजी १८:३५ प्रदेश आपत्कालीन सञ्चालन केन्द्र (PEOC), जिल्ला ट्राफिक कार्यालय मकवानपुरमा प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी गरेको ।
- अन्दाजी १८:३५ वाग्मती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालय प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी गरेको ।
- अन्दाजी १८:४० वाग्मती प्रदेश प्रहरी विपद् व्यवस्थापन गुल्म मकवानपुर, प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी गरेको ।
- अन्दाजी १८:४५ वडा नं ११ कार्यालय भवन तोडफोड तथा आगजनी गरेको ।

**मिति २०८२ भाद्र २५ गतेको मुख्य घटनाक्रम**

- अन्दाजी १२:५५ कारागार कार्यालय भीमफेदीबाट कैदीबन्दी गेट तोडेर बाहिर निस्की मेनगेटमा भेला भई कारागार प्रशासनको भवन, मेनगेट, सशस्त्र प्रहरी बल, नेपाल कारागार सुरक्षा वेश भीमफेदीको जु.अ. व्यारेक, चेकजाँच कक्ष, कारागार प्रशासनमा तोडफोड/आगजनी गरेको ।

सङ्क्षिप्त समाचार

# प्रहरीलाई लागूऔषध नियन्त्रण उपकरण हस्तान्तरण

महेन्द्रनगर, २९ असार । कञ्चनपुर उद्योग वाणिज्य सङ्घले जिल्ला प्रहरी कार्यालय कञ्चनपुरलाई लागुऔषध नियन्त्रणका लागि आवश्यक चेकजाँच उपकरण हस्तान्तरण गरेको छ ।

वाणिज्य सङ्घमा सोमबार आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी मदन कोइराला र सङ्घका अध्यक्ष दिनेश मल्लले प्रहरीलाई ती उपकरण, पाँच थान साइकल, टर्चलाइटलगायतका सामग्री हस्तान्तरण गर्नुभयो ।

त्यस अवसरमा प्रमुख जिल्ला अधिकारी कोइरालाले समुदायको सुरक्षा र लागुऔषधविरुद्धको अभियानमा निजी क्षेत्रको सहभागिता प्रशंसनीय रहेको जनाउँदै हस्तान्तरण गरिएका सामग्रीले प्रहरीलाई अपराध नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कञ्चनपुरका प्रहरी प्रमुख नेत्रमणि गिरीले प्रहरीलाई प्राप्त उपकरणले लागुऔषधविरुद्धको अभियानलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने हुँदा यस्ता कार्यमा समाजका सबै पक्षको सहयोगको अपेक्षा गरिएको बताउनुभयो ।

सङ्घका अध्यक्ष दिनेश मल्लले युवापुस्ता लागुऔषधमा फसेकाले यसको नियन्त्रणका लागि सबैले सामाजिक उत्तरदायित्वअन्तर्गत सुरक्षा निकायसँग सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले भन्नुभयो, "शान्ति, सुरक्षा र लागुऔषधमुक्त समाज निर्माणमा सङ्घले निरन्तर सहयोग गर्ने छ ।" सङ्घले प्रहरीलाई लागुपदार्थ सेवन चेकजाँचका लागि मासिक रूपमा १०० कीट प्रदान गर्ने समेत जनाएको छ । ***रासस***

# पर्खाल भत्किँदा पुरिएर बालकको मृत्यु

ढोरपाटन (बागलुङ), २९ असार । बागलुङमा घरको पर्खाल भत्किँदा एक बालकको मृत्यु भएको छ । ढोरपाटन नगरपालिका-२ सलामकोटमा घरको पर्खाल आइतबार साँझ भत्किँदा च्यापिएर बडिगाड गाउँपालिका-५ का पाँच वर्षीय आशिष भण्डारीको मृत्यु भएको हो ।

मावलीघर सलामकोटमा बस्दै आएका भण्डारी आँगनमा खेल्दै गर्दा अचानक घरको पर्खाल भत्किएर पुरिएको इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रहरी नायब निरीक्षक सुदीप भट्टराईले जानकारी दिनुभयो । पर्खालले पुरिएर गम्भीर बनेका भण्डारीको उद्धार गरी बुर्तिबाङ प्रादेशिक अस्पतालमा ल्याउँदा डाक्टरले मृत घोषणा गरेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "घर अलि अप्ठ्यारो ठाउँमा रैछ, पर्खाल कच्ची ठाउँमा लगाएको हुँदा पिँढीको मुख्य पर्खाल नै भत्किएपछि खेल्दै गरेको बालक पुरिएछन्, आफन्तले उद्धार गरेर अस्पताल ल्याउँदा मृत्यु भइसकेको रहेछ ।" ***रासस***

# गण्डकी प्रदेशमा सर्पदंशका बिरामी वृद्धि

मध्यविन्दु (नवलपरासी), २९ असार । गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापूर्व) सर्पदंशका घटनाको उच्च जोखिममा रहेको देखिएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असारसम्म जिल्लामा मात्रै ६७० जना सर्पदंशका बिरामी स्वास्थ्य संस्थामा पुगेका छन् । तीमध्ये २५ जनामा विषालु सर्पले टोकेको पुष्टि भएको छ ।

तथ्याङ्कअनुसार नवलपरासी ( बर्दघाट सुस्तापूर्व) मा अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा एक हजार २९ जना सर्पदंशका घटना दर्ता भएका थिए भने ५२ जनामा विषालु सर्पदंश भएको थियो ।

यस जिल्लाको भौगोलिक अवस्था, तराई क्षेत्र, घना वन, खेतीपाती र वर्षायाममा सर्पको सक्रियता बढ्ने भएकाले अन्य जिल्लाको तुलनामा यहाँ सर्पदंशका घटना बढी हुने गरेको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरका प्रमुख केशव चापागाईंले बताउनुभयो । उहाँका अनुसार सर्पले टोकेपछि झारफुक वा घरेलु उपचारमा अल्झिनुभन्दा तत्काल नजिकको स्वास्थ्य संस्थामा पुग्नु नै सबैभन्दा प्रभावकारी उपाय हो ।

उहाँले भन्नुभयो, "सर्पदंशपछि बिरामीलाई सकेसम्म शान्त राखी तुरुन्त उपचारका लागि अस्पताल पुऱ्याउनुपर्छ । समयमै उपचार पाए अधिकांश बिरामीको ज्यान बचाउन सकिन्छ । वर्षायाममा खेतबारीमा काम गर्दा जुत्ता लगाउने, राति टर्चको प्रयोग गर्ने र घर वरिपरिको झाडी सफा राख्नेजस्ता सावधानी अपनाउन आवश्यक छ ।"

गण्डकी प्रदेशमा नवलपरासी ( बर्दघाट सुस्तापूर्व) पछि चालु आवमा तनहुँमा २७९, कास्कीमा १८७, स्याङ्जामा १७७, लमजुङमा ९३, म्याग्दीमा ५७, गोरखामा ४६, बागलुङमा ३८ र पर्वतमा १६ सर्पदंशका घटना दर्ता भएका छन् । मनाङ र मुस्ताङमा भने कुनै घटना दर्ता भएका छैनन् ।

प्रदेशस्तरको तथ्याङ्क हेर्दा पनि सर्पदंशका घटना क्रमशः घट्दो देखिएको छ । आव २०८२/८३ मा गण्डकी प्रदेशभर एक हजार ५६० जना सर्पदंशका बिरामी स्वास्थ्य संस्थामा पुगेका छन्, जसमध्ये ९२ जनामा विषालु सर्पले टोकेको पुष्टि भएको छ ।

अघिल्लो आव २०८१/८२ मा प्रदेशभर दुई हजार २०१ सर्पदंशका घटना र १८६ विषालु सर्पदंशका बिरामी दर्ता भएका थिए । त्यस्तै आव २०८०/८१ मा एक हजार ८७६, २०७९/८० मा एक हजार ७२४ र २०७८/७९ मा एक हजार ४४१ सर्पदंशका घटना अभिलेख भएका थिए ।

वर्षायाममा सर्पको गतिविधि बढ्ने भएकाले सर्पदंशबाट बच्न व्यक्तिगत सावधानी अपनाउनुका साथै सर्पले टोकेपछि ढिलाइ नगरी स्वास्थ्य संस्थामा पुग्नु नै ज्यान जोगाउने सबैभन्दा भरपर्दो उपाय भएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरका प्रमुख चापागाईंले बताउनुभयो । ***रासस***

# राप्ती तटीय क्षेत्रका नागरिकलाई नदी तर्न डुङ्गाकै भर



**डुङ्गाको सहारामा नदी तर्दै तटीय क्षेत्रका नागरिक :** बाँकेको नरैनापुर र डुडुवा गाउँपालिकालाई जोड्न राप्ती नदीमाथि पुल निर्माण नभएका कारण डुङ्गाको सहारामा नदी तर्दै तटीय क्षेत्रका नागरिक । *तस्बिर: भेषराज बस्नेत/रासस*

राँझा (बाँके), २९ असार । बाँकेको नरैनापुर र डुडुवा गाउँपालिकालाई जोड्न राप्ती नदीमा पुल निर्माण नहुँदा तटीय क्षेत्रका नागरिक अझै पनि डुङ्गामा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

नरैनापुर गाउँपालिका-६ गङ्गापुरका स्थानीय अगुवा सोहनलाल यादवले डुडुवा गाउँपालिकाको होलिया र नरैनापुर गाउँपालिकाको गङ्गापुरलाई जोड्ने राप्ती नदीमा पुल नबन्दा यसक्षेत्रका हजारौं नागरिकले जोखिमपूर्ण यात्रा गर्न बाध्य रहेको यादवले बताउनुभयो ।

उहाँका अनुसार, राप्तीपारिका आधा दर्जनभन्दा बढी गाउँका बासिन्दा खेतबारीको काम, आफन्त भेटघाट तथा हाटबजारका लागि दैनिक रूपमा डुङ्गा चढेर नदी वारपार गर्ने गर्दछन् । राप्तीसोनारी गाउँपालिका-७ को खल्ला झगडिया, नरैनापुरको कुडुवा, पिपहवालगायत गाउँका बासिन्दाले नियमित रूपमा डुङ्गा प्रयोग गर्दै आएका छन् ।

राप्ती सोनारी-७ खल्ला झगडिया नयाँबस्तीका शङ्कर यादवले पक्की पुल प्रयोग गर्न सिधनियाघाट पुग्न निकै टाढा पर्ने भएकाले डुङ्गा चढ्नु बाध्यता भएको बताउनुभयो । नदी तटीय क्षेत्रका नागरिकको खेती किसानी समेत राप्ती नदी वारि र पारि हुने भएकाले यतिबेला धानको बीउ राख्ने कामको लागि पनि डुङ्गाबाट नदी वारपार गर्नुपर्ने बाध्यता रहेको यादवले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "नदी तर्न पक्की पुलसम्म पुग्न धेरै टाढा जानुपर्छ । यता झोलुङ्गो पुल पनि छैन, त्यसैले डुङ्गा चढ्नुको विकल्प छैन । हिउँद होस् वा वर्षात्, हामी डुङ्गाबाटै राप्ती नदी वारपार गर्नुपर्ने बाध्यता छ ।"

डुडुवा गाउँपालिका-१ होलियाका कुडुवा, कृषि चौफेरी, बोर्डर चौफेरी, छिटइपूर्वा, टेपरी, पिप्रहवा, खडैचा, कन्दइपूर्वा, सन्तलिया र नयाँबस्तीका सयौं बासिन्दाका लागि डुङ्गामार्फत राप्ती नदी वारपार गर्नु दैनिकी बनेको होलियाका स्थानीय अगुवा झगरु लोनियाले बताउनुभयो ।

हिउँदको समयमा नदीका कम पानी हुने भएकाले डुङ्गामा सहज यात्रा हुने भए पनि बर्सातमा राप्ती नदीमा बाढी आउने भएकाले नदी वारपार गर्न डुङ्गामा जोखिमपूर्ण हुने गरेको उहाँको भनाइ छ ।

नदी वारपारको लागि खल्ला झगडिया गाउँ नजिकै डुङ्गा सधैं तयारी अवस्थामा राखिएको हुन्छ । डुङ्गाचालक नानबाबु पासीका अनुसार, नदी तारेबापत प्रतिव्यक्ति रु. १० शुल्क लिने गरिएको छ । गाईभैँसीका लागि रु. २०, साइकलका लागि रु. १५ र मोटरसाइकलका लागि रु. ६० शुल्क लाग्छ । एकपटकमा ५० देखि ६० जनासम्म यात्रु तथा मालसामान नदी पार गराउन सकिने उहाँले बताउनुभयो ।

हरेक शुक्रबार सीमावर्ती भारतीय गाउँ जानकीमा लाग्ने हाटबजारमा किनमेलका लागि नेपाली गाउँका सयौं नागरिक पुग्ने गर्छन् । डुडुवा गाउँपालिकाको होलिया, बेतहनी तथा राप्तीसोनारीको फत्तेपुर, नरैनापुरको गङ्गापुर र मटेहियालगायत क्षेत्रका बासिन्दा डुङ्गा तरेर हाटबजार जाने गरेका छन् ।

भारतीय बजारमा तरकारी तथा अन्य उपभोग्य वस्तु तुलनात्मक रूपमा सस्तो पाइने भएकाले धेरै स्थानीय त्यहाँ किनमेलका लागि जाने गरेको डुङ्गाचालक पासीले बताउनुभयो ।

तटीय क्षेत्रका नागरिकले राप्ती नदीको डुबान, कटान र जोखिमपूर्ण यात्रा समस्याको दीर्घकालीन समाधानका लागि मटेहिया र होलियालाई जोड्ने पुल निर्माणको माग गर्दै आएका छन् । बाँके क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य मोहम्मद इस्तियाक राइले मटेहिया र होलिया जोड्ने पक्की पुल निर्माणको योजना कार्यान्वयनको लागि आफूले पहल गरिरहेको बताउनुभयो । ***रासस***

# अर्थसँग सम्बन्धित चार ऐन र एक नियमावली खारेज गर्ने गरी विधेयक संसद्‌मा दर्ता

काठमाडौं, २९ असार । सरकारले आर्थिक क्षेत्रसँगसम्बन्धी विभिन्न चारवटा ऐन र एक नियमावली खारेज गर्ने गरी संसद्‌मा विधेयक दर्ता गरेको छ ।

सङ्घीय संसद् प्रतिनिधिसभामा असार २३ गते दर्ता भएको 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्न बनेको विधेयक, २०८३' ले विभिन्न कानुनी जटिलता, दोहोरोपनाको अन्त्य, संविधान तथा सङ्घीय शासन व्यवस्थाअनुकूल कानुनी सुधार, राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउने तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यसहित केही कानुन खारेज र केही संशोधनको प्रक्रिया अघि बढाएको हो ।

संविधानको मर्म र भावनाअनुकूल नभएका तथा वर्तमान सङ्घीय शासन संरचनाको सन्दर्भमा असान्दर्भिक देखिएका कानुनी तथा संस्थागत प्रावधान हटाउने, कानुनी दोहोरोपनाको अन्त्य गर्ने तथा कम समय र लागतमा प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक भएकाले यो विधेयक संसद्‌मा दर्ता गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

विधेयकमा प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४, आय टिकट दस्तुर ऐन, २०१९, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० खारेज गर्ने प्रस्ताव गरिएको छ ।

त्यस्तै, मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र भन्सार ऐन, २०८२ मा संशोधन गर्ने व्यवस्था विधेयकमा समावेश गरिएको छ ।

विधेयकले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा नयाँ व्यवस्था थप गर्दै व्यावसायिक प्रयोजनका लागि मालसामान ढुवानी गर्ने सवारीसाधनलाई वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था प्रस्ताव गरेको छ ।

प्रस्तावित व्यवस्थाअनुसार कानुनबमोजिम दर्ता भएका ढुवानीका साधनबाट व्यावसायिक प्रयोजनका लागि मालसामान ढुवानी गर्दा त्यसको सम्पूर्ण विवरण वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीमा प्रविष्ट गरेर मात्र ढुवानी गर्नुपर्नेछ ।

विधेयकले नेपालमा दर्ता भएका वा दर्ता हुने सम्पूर्ण ढुवानी सवारीमा तोकिएको मापदण्डअनुसार भू-अवस्थिति देखाउने चालु अवस्थाको जिपिएस उपकरण जडान गर्नुपर्ने र त्यसको सिलसिलेवार नम्बर सम्बन्धित निकायमा दर्ता गर्नुपर्ने व्यवस्था पनि गरेको छ ।

यद्यपि, निश्चित क्षेत्रमा सञ्चालन हुने ढुवानी साधनलाई जिपिएस जडानबाट छुट दिन सकिने पनि विधेयकमा प्रस्ताव गरिएको छ ।

अनलाइन प्रणालीमा विवरण प्रविष्ट नगर्ने, आवश्यक कागजात साथमा नराख्ने वा जिपिएस जडानसम्बन्धी व्यवस्था उल्लङ्घन गर्ने ढुवानी सवारीका धनी वा प्रयोगकर्तालाई कर अधिकृतले पहिलोपटक अधिकतम रु. ५० हजार र त्यसपछि प्रत्येक पटक अधिकतम रु. एक लाखसम्म जरिवाना गर्नसक्ने व्यवस्था विधेयकमा छ ।

विधेयकले आयकर ऐन, २०५८ मा महत्त्वपूर्ण संशोधन प्रस्ताव गरेको छ । ऐनको दफा २ मा 'गैरकर' को नयाँ परिभाषा थप गरिएको छ । प्रस्तावित व्यवस्थाअनुसार गैरकर भन्नाले प्रचलित कानुनबमोजिम लाग्ने शुल्क, दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, जरिवाना वा साँवा फिर्ता रकम जनाउनेछ । त्यस्तो रकममा लाग्ने ब्याजलाई गैरकरकै रूपमा परिभाषित गरिएको छ ।

विधेयकले आयकर ऐनमा नयाँ दफा ७२ (क) थप गर्दै गैरकर निर्धारण तथा असुलीसम्बन्धी व्यवस्था प्रस्ताव गरेको छ । यस व्यवस्थाअनुसार प्रचलित कानुनबमोजिम तिर्नुपर्ने गैरकर नतिरेको वा नबुझाएको अवस्थामा नेपाल सरकारको निर्देशनको अधीनमा रही छानबिन तथा अनुसन्धान गरी गैरकर निर्धारण गर्न वा गराउन सक्नेछन् ।

अनुसन्धानबाट थप गैरकर दायित्व कायम भएको पाइएमा शतप्रतिशत जरिवाना असुल गरिने प्रस्ताव गरिएको छ ।

सरकारले प्रस्तुत गरेको उक्त विधेयक संसद्‌बाट पारित भई कार्यान्वयनमा आएपछि राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग विस्तार हुने, ढुवानी प्रणालीको वास्तविक समयमै निगरानी गर्न सकिने, गैरकर असुलीलाई थप व्यवस्थित बनाउने तथा पुराना तथा असान्दर्भिक कानुनी व्यवस्थाहरू हटाएर सङ्घीय शासन प्रणाली अनुकूल कानुनी संरचना निर्माण हुने अपेक्षा गरिएको छ । ***रासस***

मजदुर
३० असार, २०८३ (14 July, 2026)


**। सम्पादकीय ।**

# राष्ट्रपति ट्रम्प अमेरिकी जनताबाटै असुरक्षित

संसारलाई आतङ्कित पार्ने, मिसाइल प्रहार गरेर हत्या गर्ने, असुरक्षित बनाउने राष्ट्र प्रमुखहरू छान्नुपर्दा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अग्रस्थानमा पर्छ । अमेरिकी आक्रमणमै इरानका सर्वोच्च नेता अली खामेनेईको हत्या भएको थियो । मिसाइल आक्रमण गरेर अरु राष्ट्र प्रमुखको हत्या भएकोमा खुसी मनाउने, आक्रमण सफल भएको बताउने राष्ट्रपति ट्रम्पले आफ्नो 'हत्या प्रयास' भएमा इरानलाई ध्वस्त पार्ने चेतावनी दिए । अमेरिकी राष्ट्रपति ट्रम्पकै भनाइ सापटी लियो भने इरानका सर्वोच्च नेताको हत्या गर्ने अमेरिकी आक्रमणको प्रत्याक्रमणमा इरानलगायतका संसारका स्वाधीन देशहरू मिलेर अमेरिकालाई ध्वस्त पार्नुपर्ने थियो । यस हिसाबले अमेरिका धेरै पटक ध्वस्त हुनुपर्ने थियो ।

देशका राष्ट्रपतिहरूको हत्या आफ्नो मात्र होइन कुनै पनि देशको राष्ट्रपति र प्रधानमन्त्रीको गर्नु हुँदैन । व्यक्तिहत्याको विरोध गर्नुपर्छ । व्यक्तिहत्याले देश बन्दैन, देशको विकास हुँदैन । तर, अमेरिकी प्रशासनले अरु देशमा आक्रमण र आक्रमणमा सहयोग गर्दै धेरै राष्ट्र प्रमुखहरूको हत्या गरिसक्यो, हत्या गर्न सहयोग गरिसक्यो । यसरी राष्ट्र प्रमुखहरूको हत्या र फाँसी दिने काममा संयुक्त राज्य अमेरिकाको ठुलो हात थियो । अमेरिकाले संसारका स्वाधीन र सार्वभौम देशहरूमा आक्रमण गरेर धनजनको क्षति गर्न पाउने तर अरुले त्यस आक्रमणको प्रत्याक्रमण या प्रतिकार पनि गर्न नपाउने भन्ने अमेरिकी प्रशासन र संयुक्त राष्ट्र सङ्घको कस्तो नीति ! बलियो देशले जे पनि गर्न पाउने, अरुले प्रतिकार पनि गर्न नपाउने कस्तो नियम ! के संसारका सबै देशहरू अमेरिकी प्रशासनको उठबसमा चल्नुपर्ने हो ? अमेरिकी राष्ट्रपति ट्रम्पले जे जे भने त्यो त्यो अरु देशले आँखा चिम्लेर मान्नुपर्ने ?

अमेरिकी राष्ट्रपति ट्रम्पले भने, 'अमेरिकी सेना इरानका सबै क्षेत्रहरू पूर्ण रूपमा ध्वस्त र नष्ट गर्न तयार, इच्छुक र सक्षम छ ।" 'हत्या प्रयासको बहना बनाएर अमेरिकी राष्ट्रपति ट्रम्पले एक हजार मिसाइलहरू लक र लोड गरेर इरानतर्फ लक्षित गरिएको जनाएका छन् । सबै राष्ट्र प्रमुखहरूको ज्यान उत्तिकै समान र महत्त्वपूर्ण छ । अनाहकमा कसैको ज्यान लिनु हुँदैन । तर, राष्ट्रपति ट्रम्पलाई अरु देशले भन्दा आफ्नै देशका जनताले पटक-पटक गोली प्रहार गरेर हत्या प्रयास गरेका थिए । अहिलेको सन्दर्भमा विश्वमा आतङ्क मच्चाउनेमा ट्रम्प र इजरायली प्रधानमन्त्री नेतन्याहु रहेका छन् । १७ जूनमा युद्ध अन्त्य गर्ने अन्तरिम सम्झौतामा हस्ताक्षर गरेका राष्ट्रपति ट्रम्पले इरानमा आक्रमण गरेर युद्धविरामको उल्लङ्घन गरे ।

अमेरिकी राष्ट्रपति ट्रम्पको आक्रामक नीतिको विरोधमा अमेरिकी जनता फेरि एकचोटि आन्दोलित हुनु आवश्यक छ । राष्ट्रपति ट्रम्पको निर्दयी र अहङ्कारी कार्यशैलीले विश्वका जनता पनि आक्रोशित छन् । अमेरिकी जनता र विश्वका जनता साम्राज्यवादी नीतिको विरोधमा एकजुट हुनु आवश्यक छ । साम्राज्यवाद अन्त्य नभएसम्म विश्वका जनताले सुख र शान्तिपूर्वक बाँच्न पाउने छैनन् । युद्धविराम भङ्ग गरेर इरानमा आक्रमण गर्ने अमेरिकी राष्ट्रपतिमाथि कारबाही गर्नुपर्छ; कारबाही गर्न विश्वका जनता एकजुट हुनुपर्छ । विश्वका राष्ट्रप्रमुख र जनता मिलेर साम्राज्यवादी नीति अन्त्य गर्न अघि बढ्नुपर्छ । साम्राज्यवादविरोधी देशहरू एक ठाउँमा उभेर सुख र शान्तिको निम्ति आह्वान गर्नुपर्छ । इरानमा भइरहेको आक्रमण रोक्न विश्वका राष्ट्र प्रमुख र जनताले दबाब दिनुपर्छ । यसैमा विश्वका जनता र देशको हित हुनेछ ।

# बैङ्किङ प्रणाली बुझ्नुभयो भने बैङ्कमा पैसा राख्नुहुन्न

✍ रोबर्ट कियोसाकी

धेरै मानिसहरू बैङ्कको काम भनेको तपाईंको पैसा सुरक्षित राख्नु हो भन्ने विश्वास गर्छन् । तर, वास्तविकता त्यस्तो होइन । बैङ्कहरूले त्यसरी काम गर्दैनन् । बैङ्कहरूले तपाईंको पैसा केवल सुरक्षित राख्दैनन्, त्यसलाई प्रयोग गर्छन् ।

तपाईंले बैङ्कमा पैसा जम्मा गरेपछि त्यो बैङ्कको सम्पत्ति बन्छ, तपाईंको होइन । यही कुरा धेरैलाई अचम्म लाग्छ । तपाईंलाई लाग्छ, तपाईं आफ्नो पैसा सुरक्षित ठाउँमा राख्दै हुनुहुन्छ । तर, बैङ्कले त्यसलाई आफ्नो व्यवसाय सञ्चालन गर्ने पुँजीका रूपमा हेर्छ ।

तपाईंले जम्मा गरेको रकम बैङ्कको हिसाबमा दायित्व हो, किनकि भविष्यमा त्यो रकम तपाईंलाई फिर्ता दिनुपर्ने हुन्छ । उनीहरूले तपाईंलाई ब्याज तिर्नुपर्छ । तर, तपाईंको पैसा त्यसै थन्किएर बस्यो भने त्यो ब्याज कहाँबाट तिर्ने ? त्यसैले बैङ्कले तपाईंको पैसाबाट पैसा कमाउनुपर्छ ।

बैङ्कहरूले ऋण दिएर तपाईंको निक्षेपलाई धेरै गुणा बढाउँछन् । बैङ्कले तपाईंलाई निक्षेपमा ३ प्रतिशत ब्याज दिने वाचा गरेको छ भने त्यो बैङ्कको खर्च हो ।

त्यो खर्च धान्न बैङ्कले त्यही रकम अरूलाई ६, ७, ८ प्रतिशत वा त्योभन्दा बढी ब्याजमा ऋण दिन्छ । घर किन्नका लागि घरकर्जा, सवारीसाधन खरीदका लागि कर्जा, व्यवसाय सञ्चालनका लागि व्यावसायिक कर्जा, क्रेडिट कार्ड सुविधा दिन्छ ।

बैङ्कले दिने प्रत्येक नयाँ ऋणले अर्थतन्त्रमा नयाँ मुद्रा सिर्जना गर्छ । ऋण स्वीकृत हुनुअघि त्यो पैसा अस्तित्वमै थिएन । यसैले, आधुनिक बैङ्किङ प्रणाली ऋणमा आधारित छ, किनकि ऋणकै माध्यमबाट नयाँ मुद्रा सिर्जना हुन्छ ।

पैसाको प्रवाह मुख्यत: सर्वसाधारणबाट वित्तीय संस्थातर्फ हुन्छ । त्यो त्यस्तो पक्ष हो, जुन धेरै बैङ्कहरूले आम मानिसले नबुझून् भन्ने चाहन्छन् । तपाईं मेहनत गरेर पैसा कमाउनुहुन्छ । त्यो पैसा बैङ्कमा जम्मा गर्नुहुन्छ ।

बैङ्कले तपाईंलाई थोरै ब्याज तिर्ने दायित्व लिन्छ । त्यो ब्याज तिर्नका लागि बैङ्कले तपाईंको पैसा अरूलाई अझ बढी ब्याजदरमा ऋण दिन्छ । दुवै ब्याजदरबिचको अन्तर बैङ्कको आम्दानी बन्छ । त्यसपछि बैङ्कले विभिन्न सेवा शुल्क पनि उठाउँछ ।

अन्तत: बाँकी रहेको सानो हिस्सा मात्र निक्षेपकर्तासम्म पुग्छ । यस अर्थमा यो प्रणालीले बचत गर्ने मानिसहरूबाट मूल्य सिर्जना गरी त्यो पैसा प्रयोग गर्ने र वित्तीय कारोबार गर्ने पक्षतर्फ स्थानान्तरण गर्ने काम गर्छ ।

यस प्रणालीले मुद्रास्फीति बढाउँछ । तपाईंको पैसा बैङ्कमा थोरै ब्याज कमाइरहेको बेला मुद्रास्फीतिले चुपचाप त्यसको क्रयशक्ति घटाइरहेको हुन्छ । तपाईंको खातामा रहेको रकम उही देखिन्छ तर त्यसले किन्न सक्ने वस्तु तथा सेवाको मात्रा बर्सेनि घट्दै जान्छ ।

उदाहरणका लागि यदि मुद्रास्फीति ६ प्रतिशत छ र बैङ्कले निक्षेपमा ३ प्रतिशतमात्र ब्याज दिएको छ भने वास्तविक रूपमा तपाईंको सम्पत्तिको मूल्य हरेक वर्ष ३ प्रतिशतले घटिरहेको हुन्छ । यसैकारण, बचतकर्ता समयसँगै पछाडि पर्न सक्छन् ।

सम्पूर्ण बैङ्किङ प्रणाली धेरै हदसम्म आम मानिसले यसको वास्तविक कार्यप्रणाली नबुझोस् भन्ने अवस्थामै चलिरहेको हुन्छ । सबै मानिसहरूले बैङ्कहरूले वास्तवमा कसरी काम गर्छन् भन्ने बुझ्ने हो भने उनीहरूले बैङ्कलाई आफ्नो सम्पत्तिको संरक्षक मात्र ठान्ने थिएनन् । बरू बैङ्कलाई एउटा व्यवसाय, मध्यस्थकर्ता र निक्षेपको उपयोग गरेर नाफा कमाउने संस्थाका रूपमा बुझ्ने थिए ।

बैङ्कहरू केवल पैसा बचत गरेर धनी हुँदैनन् । पैसा परिचालन गरेर, ऋण प्रवाह गरेर, अरूको पैसा उपयोग गरेर र विभिन्न वित्तीय सेवामा शुल्क तथा ब्याज असुल गरेर उनीहरू धनी बन्छन् । उनीहरूले यसबाट राम्रो आम्दानी गर्न सक्नुको एउटा कारण हो, धेरै मानिसहरूले बैङ्किङ प्रणालीको वास्तविक कार्यविधि बुझ्ने अवसर पाएका हुँदैनन् ।

बैङ्किङ प्रणाली तपाईंको व्यक्तिगत आर्थिक साथी होइन । यो तपाईंको सम्पत्तिको संरक्षकमात्र पनि होइन ।

यो एउटा यस्तो वित्तीय प्रणाली हो जसले तपाईंको निक्षेप सङ्कलन गर्छ, त्यसलाई ऋणमार्फत धेरै गुणा परिचालन गर्छ, ब्याज आम्दानी गर्छ, विभिन्न सेवा शुल्क उठाउँछ र त्यसको केही अंश मात्र निक्षेपकर्तालाई प्रतिफलका रूपमा फिर्ता गर्छ ।

जब तपाईंले यो वास्तविकता बुझ्नुहुन्छ तपाईं बचत गरेर धनी भइन्छ भन्ने धारणामा सीमित रहनुहुन्न । बरू पैसाको खेल कसरी चल्छ भन्ने कुरा सिक्न थाल्नुहुन्छ ।

किनभने पैसाको संसारमा अन्तत: दुई प्रकारका मानिस हुन्छन्: एकथरी ब्याज कमाउने र अर्काथरी ब्याज तिर्ने ।

तर, जब तपाईं बैङ्किङ प्रणालीको वास्तविक कार्यप्रणाली बुझ्नुहुन्छ तब तपाईं केवल प्रणालीको एउटा साधन भएर बस्नुहुन्न, बरू त्यो प्रणालीलाई बुझेर त्यसभित्र सचेत रूपमा निर्णय गर्ने सहभागी बन्न सक्नुहुन्छ ।

***(रोबर्ट कियोसाकीको फेसबुकबाट)***

# हर्मुजमा हुने पुनः अवरोधबाट विश्व अर्थतन्त्रले चुकाउनुपर्ने मूल्य

✍ अब्दुल्ला बन्दर अल–एताइबी

ओमानको जलक्षेत्र हुँदै हर्मुज जलमार्ग पार गरिरहेका दुई ट्याङ्करमाथि मङ्गलबार हमला भयो । खाडी देशले उक्त आक्रमणको कडा निन्दा गर्दै त्यसका लागि इरानलाई दोषी ठह्याए । त्यसपछि अमेरिकाले इरानी भूभागमा आक्रमण गऱ्यो । त्यसको जवाफमा तेहरानले बहराइन र कुवेतमा प्रहार गऱ्यो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अब इरान र अमेरिकाबिच भएको समझदारी पत्र (एमओयू) खारेज भएको बताएका छन् ।

२८ फेब्रुअरीमा सुरू भएको इरानविरूद्धको अमेरिका-इजरायल द्वन्द्वमा हर्मुज कसरी मुख्य मुद्दा बनेको छ भन्ने विषयलाई पछिल्लोपटक बढेको यो तनावले प्रस्ट पार्छ । इरानको आणविक कार्यक्रमसम्बन्धी प्रश्नलाई हाल ओझेलमा पारिएकाले अमेरिका र इरानबिचको वार्तामा यस जलमार्गको भविष्यसम्बन्धी मतभेद सुल्झाउन सबैभन्दा कठिन देखिएको छ । हर्मुजमा हुने अवरोधले इरान, खाडी क्षेत्रका उसका छिमेकी देश र विश्व अर्थतन्त्रका लागि तत्कालै ठुलो मूल्य चुकाउनुपर्ने अवस्था उत्पन्न गर्न सक्छ । विशेष गरी, विश्व अर्थतन्त्रले आधुनिक बजारको इतिहासमै सबैभन्दा ठुलो तेल आपूर्तिको धक्का झेल्दै साढे चार महिना बिताइसकेको छ ।

### तेहरानको बलियो कार्ड हर्मुज

तेहरानका लागि जलमार्ग उसको सबैभन्दा बलियो कार्ड हो, जुन अविश्वसनीय रूपमा महँगो पनि छ । युद्ध सुरू भएदेखि इरानी सेनाले जलमार्गमा खानी उत्खनन गरेको छ; जहाजमा आक्रमण गरेको छ र स्थलमार्गबाट हुने यातायात लगभग ९५ प्रतिशतले कटौती गरेको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका फातिह बिरोलको भनाइमा यसले 'विश्वव्यापी तेल बजारको इतिहासमा सबैभन्दा ठुलो आपूर्ति अवरोध' गरेको छ । त्यो लाभ वास्तविक छ, विश्वको लगभग पाँच भागको एक भाग र यसको तरल प्राकृतिक ग्यास ( एलएनजी) सामान्यतया हर्मुज हुँदै जान्छ । कुनै पनि खाडीको पाइपलाइनले



यसलाई पूर्ण रूपमा प्रतिस्थापन गर्न सक्दैन ।

तर, इरानले अरूका साथसाथै आफ्नै जीवनरेखालाई पनि एक किसिमले निमोठिरहेको छ । कुनै समय अन्तर्राष्ट्रिय मापदण्डको मूल्यभन्दा प्रतिब्यारेल तीन डलर सस्तोमा बिक्री हुने इरानी कच्चा तेल अहिले २० प्रतिशत छुटमा बिक्री भइरहेको छ । अमेरिकी नौसेनाको कडा निगरानीका कारण मे महिनामा इरानको तेल निर्यात ९० प्रतिशतभन्दा बढीले घट्यो । युद्ध सुरू हुनुअघि नै विश्व बैङ्कले सन् २०२६ मा इरानको अर्थतन्त्र खुम्चिने प्रक्षेपण गरेको थियो । तेल बिक्रीमा आएको भारी गिरावटको प्रभाव निर्मम हुनेछ । २२ जूनमा जारी गरिएको ६० दिने अमेरिकी छुटले इरानलाई २१ अगस्टसम्म पूर्ण बजार मूल्यमा तेल बिक्री गर्न अनुमति दिएको थियो, तर मंगलबार भएका आक्रमणपछि उक्त छुट रद्द गरिएको छ । यो इरानको हर्मुजमाथि संयुक्त अधिकार कायम गर्ने र जहाजहरू पार गर्नका लागि पारवहन शुल्क प्रणाली लागू गर्ने जिद्दी हो । वासिङटनले स्पष्ट पारेको छ कि इरानले समुद्री कानुनअन्तर्गत पारवहन मार्गको अधिकारद्वारा नियन्त्रित अन्तर्राष्ट्रिय पानीमा शुल्क लिन मिल्दैन ।

तेहरानका लागि विवाद वास्तवमा शुल्कबारे मात्र होइन, बरू अमेरिकाले रोक्का गरेर राखेको सम्पत्तिमा अधिकारको दाबी पनि हो । पछिल्लो विषय आफैँमा विवादित छ । इरान रोक्का राखिएको अनुमानित २५ अर्ब डलर बराबरको सम्पत्तिमध्ये आधा हिस्सा तत्काल फुकुवा होस् भन्ने चाहन्छ, जबकि अमेरिकाले यसमा असहमति जनाउँदै आएको छ । उता समझदारी पत्र (एमओयू) मा प्रस्ताव गरिएको ३०० अर्ब डलरको पुनर्निर्माण कोष वासिङटनमा राजनीतिक विवादको विषय बनिसकेको छ ।

### सङ्कटको मूल्य चुकाउँदै खाडी देश

खाडी राष्ट्रका लागि हर्मुज सङ्कटको अर्थ भूगोलवरपर सुधार गर्नु हो । साउदी अरेबियाले आफ्नो लगभग १२ सय किलोमिटर पूर्व-पश्चिम पाइपलाइनमार्फत लालसागरको यान्वु बन्दरगाहमा कच्चा तेल पुनः पठाएको छ । उता यूएई भने हब्सानदेखि फुजैराह लाइनमा ओमानको खाडीमा निर्भर छ । यद्यपि, यी पाइपलाइनले हर्मुजबाट भन्दा कम तेल बोक्छन् ।

तर, अहिले दुवै विकल्प आफैँ आक्रमणमा परेका छन् । इरानी आक्रमणले अप्रिलमा पूर्व-पश्चिम पाइपलाइनको मात्रा प्रतिदिन अनुमानित सात लाख ब्यारेलले कटौती गऱ्यो भने ड्रोन हमलाले फुजैराहमा तेल 'लोडिङ'मा बाधा पुऱ्यायो । इरानबाहेक खाडी राज्यबाट समुद्री कच्चा तेल निर्यात फेब्रुअरी र मार्चको बिचमा करिब आधाले

***बाँकी पृष्ठ ७ मा***

# २५० वर्षमा अमेरिका: विवादित विगतबाट फासीवादी भविष्यतर्फ ?–१

✍ वाल्डेन बेलो

सन् १७७६ मा जब १३ वटा उपनिवेशका ५६ जना प्रतिनिधिहरूले बेलायतबाट स्वतन्त्रताको घोषणापत्रमा हस्ताक्षर गरे, तबसम्म सन् १४९२ मा अमेरिकाको युरोपसँग पहिलो सम्पर्क भएको झण्डै ३०० वर्ष नाघिसकेको थियो । युरोपको सामन्ती शासन वा बेलायतमा उनीहरूलाई जमिनबाट बेदखल गरिरहेको कृषि पुँजीवादबाट जोगिनका लागि करिब २६ लाख गरिब युरोपेली किसानहरू सलहजस्तै 'नयाँ विश्वमा' मा ओइरिएका थिए ।

ती सुरुवाती २०० वर्षहरूमा, अधिकांश गतिविधि वा विनाश मेसो-अमेरिका र दक्षिणी गोलार्धमा भएको थियो । स्पेनिसहरूले केन्द्रीकृत एज्टेक र इन्कन साम्राज्यहरू तथा साना आदिवासी समूहहरूलाई ध्वस्त पारे र त्यहाँका जनतालाई दास श्रम वा अन्य प्रकारका दमनकारी श्रममा लगाउन आफ्नो अधीनमा राखे । युरोपेलीहरूले आफूसँगै भित्र्याएका रोगहरूसँग मिलेर यस प्रक्रियाले लाखौँको सङ्ख्यामा रहेका रैथाने अमेरिकी जनसङ्ख्यालाई सखाप पारिदियो ।

**महाविपत्तिका रूपमा स्थापना**

उत्तर अमेरिकाका धेरै कम केन्द्रीकृत आदिवासीहरू भूमिका भोका युरोपेलीहरूसँग सामना गर्न बढी लचिला र प्रतिरोधी साबित भएका थिए । उनीहरूले कडा प्रतिरोध गर्नुका साथै, अधिवासी (Settlers) हरू विरुद्ध औपनिवेशिक शासनलाई नै प्रयोग गर्न पनि सिके । जसमा उनीहरूले केही सफलता पनि पाए । उदाहरणका लागि, रैथाने अमेरिकी महासङ्घहरू र बेलायती अधिराज्यबिच वार्ता भई तय भएको '१७६३ को घोषणा' ले गोरा अधिवासीहरूहरूलाई अपलाचियन (Appalachian) पर्वत शृङ्खलाको पश्चिमतर्फको भूमिमा बसाइँ सर्न प्रतिबन्ध लगाएको थियो ।

यसरी, सफल अमेरिकी क्रान्ति रैथाने अमेरिकीहरूका लागि एउटा त्रासदी थियो, किनभने उनीहरूको भूमिमा अधिवासीहरूको बढ्दो प्रभावलाई रोक्न मद्दत गर्ने एउटा प्रमुख सहयोगी समाप्त भएको थियो, र यससँगै बेलायती राजमुकुटसँग उनीहरूले गरेका सबै सन्धिहरू पनि खारेज भए । स्वतन्त्रताको घोषणापत्रका नरसंहारकारी परिणामहरू सुरुवाती दिनहरूमै प्रस्ट भएका थिए । जब उनीहरू बेलायतका सहयोगी भएको बहानामा जनरल जर्ज वासिङ्टनले हालको केन्द्रीय न्युयोर्क राज्यमा पर्ने इरक्वाइ (Iroquois) बस्तीहरू पूर्ण रूपमा ध्वस्त पार्ने आदेश दिएका थिए । यो यस्तो क्रूर कार्य थियो जसका कारण ती आदिवासीहरूले यी भावी राष्ट्रपतिलाई 'बस्ती विनाशक' (Town Destroyer) को उपनाम दिएका थिए ।

संयुक्त राज्य अमेरिकाको स्थापना काला जातिका मानिसहरूका लागि पनि उत्तिकै विनाशकारी साबित भयो, जो सत्रौँ शताब्दीको सुरुवातदेखि नै अङ्ग्रेजी उपनिवेशहरूमा दासका रूपमा भित्र्याइँदै थिए । सोह्रौँ शताब्दीको अन्त्य र सत्रौँ शताब्दीमा सबैभन्दा पहिले ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रमा दास-आधारित बगान अर्थतन्त्रले जरो गाडेको थियो, जहाँ अफ्रिकाबाट लाखौँ काला जातिका मानिसहरूलाई अपहरण गरी आन्ध्र महासागरको पारितर्फबाट ल्याएर काममा जोताइयो । तीमध्ये अधिकांशलाई उखु रोप्ने र काट्नेजस्तो कम्मर भाँच्चिने र जोखिमपूर्ण काममा लगाइएको थियो ।

तर यस गणतन्त्रको स्थापना र यसका सुरुवाती सात दशकहरूले अमेरिकी दक्षिण क्षेत्रको बगान अर्थतन्त्रको पूर्ण विकास देख्यो । जुन काला जातिका मानिसहरूको श्रम शोषण गर्नमा निर्मम रूपमा कुशल थियो । कपास उत्पादनमार्फत विश्वव्यापी पुँजीवादी अर्थतन्त्रसँग जोडिएको दक्षिण क्षेत्र उत्तरको तुलनामा धेरै धनी थियो । दास श्रमद्वारा सम्भव भएको यो समृद्धि सँगसँगै यस नवजात गणतन्त्रको राष्ट्रपति पद, संसद्का दुवै सदन र न्यायपालिकामा दक्षिणी बगान मालिक अभिजात वर्गको पूर्ण नियन्त्रण कायम रह्यो ।

दक्षिणमा रैथाने अमेरिकीहरूको नरसंहार र अश्वेत दास श्रमको बढ्दो शोषण सँगसँगै अघि बढेका थिए । राष्ट्रपति एन्ड्रयू ज्याक्सनको 'इन्डियन रिमुभल एक्ट' (आदिवासी विस्थापन ऐन) अन्तर्गत पाँचवटा आदिवासी राष्ट्रहरू- चोक्टा (Choctaw), सेमिनोल (Seminole), चेरोकी (Cherokees), चिकास (Chickasaw), र मस्कोगी (Muscogee) लाई सन् १८३० देखि १८५० को बिचमा कपास बगानका लागि ठाउँ खाली गर्न उनीहरूको दक्षिण-पूर्वी पुर्ख्यौली भूमिबाट जबर्जस्ती हटाइएको थियो ।



**लकको बङ्ग्याइएको विरासत**

मार्क्सवादीहरूका अनुसार, विचारहरूको भौतिक स्वार्थसँग एक द्वन्द्वात्मक सम्बन्ध हुन्छ । एकातिर तिनीहरूले स्वार्थलाई प्रतिबिम्बित गर्छन् भने, अर्कोतिर तिनीहरूले ती स्वार्थहरूको प्राप्तिका लागि तुलनात्मक रूपमा स्वतन्त्र रूपमा मार्गनिर्देशन गर्छन् । मैले पहिलेको एउटा निबन्धमा लेखेझैँ, सत्रौँ शताब्दीका अङ्ग्रेजी दार्शनिक जोन लकका विचारहरूले पारेको व्यापक प्रभावलाई विचार नगरी अमेरिकी महाअभियानमा क्रान्ति, विस्तार, नरसंहार र रङ्गभेदको गतिशील अन्तरक्रियालाई बुझ्न सकिँदैन । अमेरिकी क्रान्ति, अमेरिकी राज्यको स्थापना र अमेरिकी संविधानसँग सबैभन्दा बढी जोडिएका विचारक लकलाई मुख्य गरी यदि सार्वभौम सत्ता वा सरकारले जनतासँगको आफ्नो 'सामाजिक सम्झौता' का सर्तहरू उल्लङ्घन गरेमा विद्रोह गर्ने अधिकार छ' भनी दिएको तर्कका लागि सम्झिइन्छ ।

तर अमेरिकाका अधिवासीहरू माझ उत्तिकै प्रभावशाली रहेको लकको अर्को सिद्धान्त 'निजी सम्पत्तिको उत्पत्ति' सँग सम्बन्धित थियो । लकले भनेका थिए कि कुनै व्यक्तिले जमिनसँग आफ्नो श्रम मिसाउँदा मात्रै उक्त जमिनमाथिको उसको सम्बन्ध गैर-स्वामित्वबाट स्वामित्वमा परिणत हुन्छ । यो नै आधारभूत सामाजिक सम्बन्ध हो, जुन प्रसिद्ध 'सामाजिक सम्झौता' मार्फत राजनीतिक समाजको निर्माण हुनुभन्दा अघि 'प्राकृतिक अवस्था' (State of nature) मा बनेको थियो । वास्तवमा, यो आदिम सम्बन्धको रक्षा गर्नु नै सार्वभौम शासक र समाजबिचको सम्झौताको मुख्य केन्द्रबिन्दु हो ।

निजी सम्पत्तिको उत्पत्तिका सम्बन्धमा लकले दिएको व्याख्याले गोरा अधिवासीहरूको मनोविज्ञानलाई दुरुस्तै समातेको थियो । युरोपको कठोर कृषि-वर्गीय संरचनाबाट उम्किएका ती अधिवासीहरू, एक साना किसानले झैँ, 'कुमारी भूमि' मानिएको क्षेत्रमा आफ्नो लागि केही जमिन ओगट्न र सुरक्षित गर्न चाहन्थे । उदारवादका प्रसिद्ध विद्वान लुइस हार्ज (Louis Hartz) ले उल्लेख गरेझैँ, ती अधिवासीहरूमा एक निम्न-पुँजीवादी मानसिकता थियो । जुन सम्पत्ति थुपार्नुभन्दा पनि जमिनमाथिको आफ्नो स्वामित्वलाई सुरक्षित गर्न बढी चिन्तित रहन्थ्यो । हार्जले दाबी गरेझैँ, 'लकले परिकल्पना गरेको प्राकृतिक अवस्थाको विश्वकै सबैभन्दा नजिकको स्वरूपमा बाँचिरहेका' ती साना किसान अधिवासीहरू 'आर्थिक रूपमा' नाफा कमाउने चाहनाभन्दा पनि नोक्सानी बेहोर्नुपर्ने डरले बढी ग्रसित थिए ।'

सानो सम्पत्तिको व्यक्तिगत स्वामित्वप्रतिको यो लगाव अमेरिकाको सामूहिक सांस्कृतिक मनोविज्ञानमा यति गहिरोसँग गडेको छ कि, हार्जले अमेरिकीहरूको विचारधारालाई 'तर्कहीन लकवाद' (Irrational Lockeanism) का रूपमा वर्णन गर्न सकिने दाबी गरे । संयुक्त राज्य अमेरिकामा लकवादले 'किसान र सर्वहारा दुवै वर्गलाई 'निम्न-पुँजीवादी' ढाँचाभित्रै समाहित गरिदियो,' र यसले उन्नासौँ शताब्दीको अन्त्य र बीसौँ शताब्दीमा भएको तीव्र औद्योगिकीकरणको अवधिमा अमेरिकीहरूको वर्गीय चेतनाको विकासमा गहिरो प्रभाव पार्यो ।

तर लकको प्रभाव पुँजीवाद र निजी सम्पत्तिको व्यवस्थाको जग बसाल्नमा मात्र सीमित रहेन । श्रमले निजी सम्पत्तिको अधिकार सिर्जना गर्छ भन्ने लकको यो अवधारणा उनको अर्को उत्तिकै गहिरो रूपमा गडेको विरासतसँग जेलिएको छ: त्यो हो, सम्पत्ति र स्वतन्त्रतामाथि कायम रहेको असमान जातीय पहुँच ।

'सुरुवाती समयमा, यो सम्पूर्ण संसार नै अमेरिकाजस्तै थियो,' राजनीतिक समाजको निर्माण हुनुभन्दा अघिको 'प्राकृतिक अवस्था' लाई परिकल्पना गर्दै लकले आफ्नो प्रसिद्ध पङ्क्तिमा लेखेका थिए । जमिनसँग आफ्नो श्रम मिसाउनाले मात्रै निजी सम्पत्ति सिर्जना हुन्छ भन्ने सिद्धान्तलाई अगाडि बढाउने क्रममा, लकले रैथाने अमेरिकीहरूलाई सम्पत्तिको मालिकका रूपमा स्वीकार गरेनन् । किनभने उनीहरू केवल ती जमिन र जङ्गलहरूमा बस्ने गर्थे, माटोमा खेतीपाती गर्दैनथे ।

वास्तवमा लकको नजरमा, रैथाने अमेरिकीहरू 'ती जङ्गली र हिंस्रक जनावरहरूसरह थिए जससँग मानिसहरूको न त कुनै समाज हुन सक्छ, न त सुरक्षा र जसलाई सिंह वा बाघलाई झैँ विनाश गर्न सकिन्छ ।' लकले आफ्ना यी शब्दहरूका परिणामहरू पहिल्यै अनुमान नगरेका हुन सक्छन्, तर यिनै विचारले जातीय नरसंहारका लागि एउटा बलियो नैतिक औचित्य प्रदान गरे । फलस्वरूप, गोराहरूले पूर्वी तटीय क्षेत्रको त्यो सिमानालाई तोडे- जहाँ रैथाने अमेरिकीहरूले उनीहरूलाई सीमित राख्ने प्रयास गरेका थिए र पश्चिमतर्फ आँधीझैँ अघि बढे ।

त्यसैगरी, दासप्रथाको पनि लककै विचारहरूसँग सम्बन्ध थियो । यी अङ्ग्रेज दार्शनिकले मालिक र सेवकबिचको सम्बन्ध तथा मालिक र दास (Slave) बिचको सम्बन्धमा स्पष्ट भिन्नता देखाएका थिए । उनले पहिलोलाई (मालिक र युरोपबाट आएका अनुबन्धित सेवकबिचको) एक स्वतन्त्र सम्झौताका रूपमा हेरेका थिए, जबकि अफ्रिकाबाट ल्याइएका दास र मालिकबिचको सम्बन्धलाई भने दास पूर्ण रूपमा मालिकको 'निरङ्कुश प्रभुत्व' को अधीनमा रहने व्यवस्थाका रूपमा व्याख्या गरेका थिए ।

छोटकरीमा भन्नुपर्दा, लकको उदारवाद (liberalism) एउटा आधारभूत विरोधाभासले भरिएको थियो । एकातिर, उनले 'मानिसको प्राकृतिक स्वतन्त्रता' पृथ्वीमा कुनै पनि उच्च शक्तिबाट मुक्त हुनु हो र मानिसको इच्छा वा विधायी अधिकारको अधीनमा नरहेर प्राकृतिक नियमलाई मात्र आफ्नो मार्गनिर्देशक मान्नु हो' भन्दै यसको वकालत गरे । अर्कोतिर, उनले रैथाने अमेरिकीहरूलाई सभ्य समाजको दायराभन्दा बाहिरको माने र 'हब्सी' हरूलाई मानवभन्दा तल्लो स्तरको जीव ठान्दै उनीहरूलाई आफ्नो दासत्वको अवस्थाविरुद्ध विद्रोह गर्ने अधिकारबाट वञ्चित गरे ।

लकको यो सैद्धान्तिक असङ्गति उनको व्यवहारमा पनि झल्किन्थ्यो । आन्ध्र महासागर वारपार दास व्यापार (Transatlantic slave trade) का एक प्रमुख व्यक्ति 'अर्ल अफ शाफ्ट्सबरी' (Earl of Shaftesbury) को सचिवका रूपमा काम गर्दा, लकले क्यारोलिनासको संविधान (Constitution of the Carolinas) लेख्न मद्दत गरेका थिए । यो संविधान निरङ्कुश शासनको एउटा रूपरेखा थियो । जसले सार्वभौम सत्ता जनतामा निहित हुन्छ भन्ने उनको आफ्नै सिद्धान्तको खण्डन मात्र गरेन, बल्कि काला जातिका मानिसहरूलाई पुस्तौँपुस्तासम्म पशुसरह हलिया बन्धन (Chattel bondage) मा राख्ने वैधतासमेत प्रदान गर्‍यो ।

**स्याउभित्रको कीरा**

मानवीय स्वतन्त्रताको उत्सव मनाउने तर जातीय बहिष्कारलाई वैधता दिने लकको यो विरोधाभासले अमेरिकी महाअभियानको मुटुलाई यसको सुरुवातदेखि नै पच्छ्याइरह्यो । वासिङ्टन र जेफर्सनजस्ता प्रमुख नेताहरूले गोरा जातिका मानिसहरूका लागि अत्याचारविरुद्ध विद्रोह गर्ने लकको अधिकार र 'मानव अधिकार' को वकालत गरे । जबकि उनीहरूले आफ्नै काला जातिका दासहरू र रैथाने अमेरिकीहरूलाई भने यी अधिकारहरूबाट वञ्चित राखे । बेलायतीहरूले यो विरोधाभासलाई औँल्याउन छुटाएनन् जस्तै कि प्रसिद्ध साहित्यकार सामुएल जोन्सनले प्रश्न गरेका थिए, 'हब्सीहरूलाई कोर्रा हान्नेहरूबाटै स्वतन्त्रताका लागि सबैभन्दा ठुलो चिच्याहट हामी कसरी सुनिरहेका छौँ ?' वास्तवमा, स्वतन्त्रताको घोषणापत्रमा हस्ताक्षर गर्ने ५६ जनामध्ये केवल १५ जनामात्रै दास मालिक थिएनन् । हालैको एक अध्ययनले खुलासा गरे अनुसार, ती १५ जनामध्ये पनि सात जनाले 'दास बनाइएका मानिसहरूको व्यापार गरेर, दासहरूद्वारा उत्पादित सामानहरू खरिद-बिक्री गरेर वा आन्ध्र महासागर क्षेत्रका दास शिविरहरूमा खाद्यान्न र अन्य सामग्रीहरू आपूर्ति गरेर प्रत्यक्ष रूपमा नाफा कमाएका थिए ।'

इतिहासकार रोबर्ट पार्किन्सनका अनुसार, यो ऐतिहासिक दस्तावेज अपरिहार्य अधिकारहरूका बारेमा जति थियो, त्योभन्दा बढी वा सोसरह नै जातीय डर र बहिष्कारका बारेमा थियो । यस घोषणापत्रको मुख्य चुरो राजा जर्ज तृतीयविरुद्ध लगाइएका २७ वटा आरोपहरूमा निहित थियो । जसमध्ये सत्ताइसौँ आरोप सबैभन्दा महत्त्वपूर्ण थियो: 'उनले हामीभित्रै आन्तरिक विद्रोह भड्काएका छन्, र हाम्रा सिमानाका बासिन्दाहरूमाथि ती निर्दयी जङ्गली इन्डियनहरूलाई जाइलाग्न उक्साउने प्रयास गरेका छन्, जसको युद्धको नियम नै उमेर, लिङ्ग र अवस्थाको विचार नगरी सबैको विनाश गर्नु हो भनी चिनिन्छ ।' पार्किन्सन लेख्छन् कि अठारौँ शताब्दीको सन्दर्भमा, ''आन्तरिक विद्रोह' ले विद्रोही दासहरूलाई बुझाउँछ भने, 'निर्दयी जङ्गली इन्डियनहरू' भन्ने शब्दलाई धेरै व्याख्या गरिरहनु पर्दैन ।'

अश्वेत राजनीतिक दार्शनिक दिवङ्गत चार्ल्स मिल्सले बुझेझैँ, 'जहाँसम्म आधुनिक विश्व युरोपेली विस्तारवाद (औपनिवेशिकता, साम्राज्यवाद, गोरा अधिवासीका राज्यहरू, जातीय दासप्रथा) द्वारा रूपान्तरित छ,' लकको सामाजिक सम्झौतालाई 'वास्तवमा एउटा बहिष्करणकारी आन्तरिक-गोरा 'जातीय सम्झौता' का रूपमा हेर्न सकिन्छ । जसले गैर-गोरा मानिसहरूलाई समान नैतिक, कानुनी र राजनीतिक हैसियत दिन अस्वीकार गर्दछ ।' सन् १७७६ को अमेरिकी क्रान्तिको सफलताले एउटा यस्तो युगको सुरुवात गर्‍यो जहाँ 'नागरिक समाजको स्वशासनले स्वतन्त्रताको झन्डा फहराउँदै र निरङ्कुशताविरुद्धको सङ्घर्ष गर्दै विजय हासिल गर्‍यो,' यद्यपि 'यसले जातीय पशुसरह हलिया प्रथाको विकासलाई तीव्र बनायो र गोरा तथा गैर-गोरा मानिसहरूबिच एक अभूतपूर्व र कहिल्यै पुरिन नसक्ने खाडल सिर्जना गर्‍यो ।' उदारवादका चतुर इटालेली इतिहासकार डोमेनिको लोसुर्डो यसमा सहमत छन्: 'एकैसाथ जुम्ल्याहा जन्मझैँ उदाएका यी दुई तत्वहरूबिच तनाव र विरोधाभासले भरिएको सम्बन्ध स्थापित भएको थियो ।'

**वर्ग, जात र गृहयुद्ध**

अमेरिकी गृहयुद्धका पछाडि धेरै पूरक कारणहरू थिए । यद्यपि उत्तरका धेरै मानिसहरू दासप्रथा उन्मूलन गर्ने नैतिक अनिवार्यताबाट प्रेरित थिए, तर त्योभन्दा धेरै बढी प्रभावशाली कारण चाहिँ दास-आधारित बगान अर्थतन्त्रको विस्तारले ती अधिवासीहरूको आकांक्षामा पारेको धक्का थियो । जो स्वतन्त्र श्रमद्वारा स्वतन्त्र रूपमा स्वामित्व प्राप्त जमिनमा खेती गर्न चाहन्थे । यसै कारणले उत्तरी गोराहरूले काला जातिका मानिसहरूप्रति एक प्रकारको द्विविधा महसुस गर्थे । एकातिर, उनीहरूलाई विना-ज्याला काम गर्ने श्रमका रूपमा आफ्नो लागि खतरा ठानिन्थ्यो; अर्कोतिर, जमिनका भोका र अतृप्त दक्षिणी दास-शासकहरू विरुद्ध उनीहरूलाई सहयोगीका रूपमा हेरिन्थ्यो ।

यसरी, उन्नासौँ शताब्दीको पहिलो खण्डमा अमेरिकी लोकतन्त्रको उदयका प्रतिष्ठित इतिहासकार सिड्नी विलेन्ट्ज (Sidney Wilentz) ले बुझे अनुसार, गृहयुद्धको पूर्वसन्ध्यामा दक्षिण र उत्तरबिचको आधारभूत भिन्नता के थियो भने- 'दक्षिण क्षेत्र ठुलो मात्रामा दासप्रथालाई जग मानेर वर्णभेदी लोकतन्त्र प्रति प्रतिबद्ध थियो, जबकि उत्तर क्षेत्र भने गोरा पुरुष लोकतन्त्र प्रति प्रतिबद्ध थियो र अश्वेत पुरुषहरूको सहभागिताका विषयमा विभाजित भए तापनि दासप्रथाप्रति पूर्णत: अनुदार थियो ।' यी दुवै पिइरे भान डेन बर्ग ले 'शासक नश्ल लोकतन्त्र' भनेर नामाकरण गरेका व्यवस्थाकै फरक-फरक रूपहरू थिए ।

*स्रोत: काउन्टरपन्च/दायित्वबोध डटकमबाट*

*अनुवाद: केदार सिटौला*

# हर्मुज जलडमरु नियन्त्रणको लागि संरा अमेरिका र इरानबिच लडाइँ तीव्र



दुबई, १३ जुलाई (एपी) । विश्व ऊर्जा आपूर्तिको प्रमुख समुद्री मार्ग स्ट्रेट अफ हर्मुजको नियन्त्रणलाई लिएर अमेरिका र इरानबिच तनाव थप चुलिएको छ । दुवै पक्षले जलडमरु आफ्नो नियन्त्रणमा रहेको दाबी गरिरहेका बेला पछिल्ला सैन्य आक्रमणले युद्धविराम प्रयासलाई थप कमजोर बनाएको छ । कुवेत र बहराइनसम्म फैलिएको तनावका कारण मध्यपूर्वको सुरक्षा अवस्था थप जटिल बनेको छ ।

कुवेतले सोमबार बिहान आफ्नो हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरी आकाशमा देखिएका खतराप्रति जवाफी कारबाही गरेको जनाएको छ । इरानले अमेरिकी हवाई आक्रमणको प्रतिक्रियास्वरूप आक्रमण गरेको दाबी गरिए पनि कुवेती सेनाले तत्काल कुनै क्षति वा मानवीय हताहत भएको पुष्टि गरेको छैन । बहराइनले पनि सम्भावित मिसाइल खतरालाई मध्यनजर गर्दै सोमबार दुई पटक चेतावनी साइरन बजाएको जनाएको छ ।

यसैबिच, अमेरिका र इरानले एकअर्काविरुद्ध सैन्य गतिविधि तीव्र बनाउँदै स्ट्रेट अफ हर्मुज खुला वा नियन्त्रणमा रहेको विषयमा परस्परविरोधी दाबी गरेका छन् । ओमानको तट नजिक इरानले एक कन्टेनर जहाजलाई लक्षित गरेपछि विश्व व्यापारका लागि अत्यन्त महत्त्वपूर्ण मानिने जलमार्ग फेरि अन्तर्राष्ट्रिय चिन्ताको केन्द्र बनेको छ । विश्वको करिब पाँचौं भाग कच्चा तेल र प्राकृतिक ग्यास यही जलमार्गबाट ओसारपसार हुने भएकाले यहाँको अस्थिरताले विश्व ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पार्ने विश्लेषण गरिएको छ ।

इरान र अमेरिकाबिच स्थायी युद्ध अन्त्यका लागि भएको ६० दिने अन्तरिम सहमतिले आधा अवधि पार गरिसकेको भए पनि त्यसले अपेक्षित शान्ति दिन सकेको छैन । बरु, पछिल्ला आक्रमण र प्रतिआक्रमणले कूटनीतिक प्रयासलाई चुनौती दिएको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पूर्ण युद्ध पुनः सुरु भए त्यसका परिणाम विनाशकारी हुने चेतावनी दिँदै संयम अपनाउन आग्रह गर्नुभएको छ ।

अमेरिकी सेनाको सेन्ट्रल कमान्डले सोमबार इरानका हवाई प्रतिरक्षा प्रणाली, राडार केन्द्र, मिसाइल तथा ड्रोन पूर्वाधार, साना नौकासहित दर्जनौं सैन्य लक्ष्यमा आक्रमण गरिएको जनाएको छ । सेन्ट्रल कमान्डले स्ट्रेट अफ हर्मुज विश्वव्यापी व्यापारका लागि अत्यन्त महत्त्वपूर्ण समुद्री मार्ग भएकाले त्यसमा इरानको नियन्त्रण स्वीकार्य नहुने स्पष्ट पारेको छ ।

यता इरानको इस्लामिक रिभोलुसनरी गार्डले अमेरिकी दाबी अस्वीकार गर्दै स्ट्रेट अफ हर्मुज आफ्नो क्षेत्र भएको र बाह्य सैन्य हस्तक्षेप स्वीकार नगर्ने जनाएको छ । गार्डले अमेरिकी उपस्थितिलाई गैरकानुनी भन्दै आवश्यक परे थप प्रतिकार गर्ने चेतावनी पनि दिएको छ ।

इरानी सरकारी सञ्चारमाध्यमले सोमबार बिहान अमेरिकी आक्रमणका क्रममा विभिन्न स्थानमा विस्फोट भएको र कम्तीमा एक जनाको मृत्यु भएको जनाएको छ । आइतबार इरानले गरेको प्रतिआक्रमण बहराइन, कुवेत, कतार, जोर्डन र ओमानसम्म फैलिएको थियो । इरान र पश्चिमबिच लामो समयदेखि मध्यस्थकर्ताको भूमिका खेल्दै आएको ओमानले पनि पछिल्लो आक्रमणप्रति असन्तुष्टि जनाउँदै इरानी कूटनीतिज्ञलाई बोलाएर विरोध जनाएको छ ।

आइतबार अमेरिकी सेनाले करिब १४० सैन्य लक्ष्यमा आक्रमण गरेको जनाएको थियो । यसलाई पछिल्ला सातामा गरिएको सबैभन्दा ठुलो सैन्य कारबाही मानिएको छ ।

यसको प्रतिक्रियामा इरानले अमेरिकी सैन्य उपस्थिति रहेका क्षेत्रीय मुलुकहरूलाई लक्षित गरी आक्रमण गरेको दाबी गर्दै स्ट्रेट अफ हर्मुजमा आफ्नो नियन्त्रण कायम रहने र त्यहाँबाट आवतजावत गर्ने जहाजले इरानका नियम पालना गर्नुपर्ने अडान दोहोर्‍याएको छ । इरानी संसद्का अध्यक्ष तथा प्रमुख वार्ताकार मोहम्मद बाघेर कालिबाफले अब एकतर्फी सम्झौताको समय समाप्त भएको बताउँदै आफ्नो प्रतिबद्धता पूरा नगर्ने पक्षले मूल्य चुकाउनुपर्ने चेतावनी दिनुभएको छ ।

इरानले जलडमरु बन्द रहेको दाबी गरिरहे पनि अमेरिका र राष्ट्रपति ट्रम्पले समुद्री मार्ग सञ्चालनमा रहेको बताएका छन् । अमेरिकी सेनाले ओमानको दक्षिणी समुद्री मार्ग प्रयोग गर्ने जहाजलाई सुरक्षा दिन थालेपछि इरानले त्यस मार्ग प्रयोग गर्ने जहाजलाई समेत निशाना बनाउन थालेको जनाइएको छ ।

युद्धका कारण सुरुमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल १२० अमेरिकी डलरसम्म पुगेको थियो । पछिल्ला दिनमा मूल्य केही घटे पनि ऊर्जा आपूर्ति र समुद्री सुरक्षाप्रतिको अनिश्चितता अझै कायम रहेको छ ।

युद्ध अन्त्यका लागि पाकिस्तान, कतार र इजिप्टलगायत देशहरूले मध्यस्थता जारी राखेका छन् । वार्तासँग परिचित एक क्षेत्रीय अधिकारीका अनुसार युद्धविरामलाई स्थायी बनाउने प्रयास अझै रोकिएको छैन । पाकिस्तानले आफ्ना विदेश मन्त्रीले इरानका वरिष्ठ कूटनीतिज्ञसँग टेलिफोन वार्ता गरी दुवै पक्षलाई तनाव कम गर्न आग्रह गरेको जनाएको छ ।

यसैबिच, इरानका नयाँ सर्वोच्च नेता अयातुल्ला मोजताबा खामेनीले आफ्ना पिता अयातुल्ला अली खमेनीको अन्त्येष्टिपछि पहिलो सार्वजनिक वक्तव्य जारी गर्दै इरानमाथि भएका आक्रमणको प्रतिशोध लिइने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

# अस्ट्रेलियामा सबै अन्तर्राष्ट्रिय यात्रुका लागि डिजिटल यात्रु कार्ड लागू गरिने

क्यानबेरा, १३ जुलाई (सिन्ह्वा) । अस्ट्रेलिया सरकारले आगामी १२ देखि १८ महिनाभित्र सबै अन्तर्राष्ट्रिय यात्रुका लागि डिजिटल यात्रु कार्ड लागू गर्ने घोषणा गरेको छ । यससँगै विमानस्थलमा प्रयोग हुँदै आएको कागजी यात्रु कार्डको व्यवस्था क्रमशः अन्त्य गरिनेछ ।

गृह मामिलामन्त्री टोनी बर्कका अनुसार विमानस्थलमा यात्रु व्यवस्थापन प्रणालीलाई आधुनिकीकरण गर्न सरकारले आगामी चार वर्षमा पाँच करोड ६१ लाख अस्ट्रेलियाली डलर (करिब तीन करोड ८९ लाख अमेरिकी डलर) लगानी गर्नेछ । उक्त योजनाअन्तर्गत देशभर डिजिटल यात्रु कार्ड लागू गरिनेछ ।

यो निर्णय 'अस्ट्रेलिया ट्राभलर डिक्लेरेसन' प्रणालीको सफल परीक्षणपछि गरिएको हो । सन् २०२४ को अक्टोबरदेखि सिड्नी, मेलबर्न र ब्रिस्बेनमा अवतरण गर्ने केही क्वान्टास उडानमा कागजी यात्रु कार्डको विकल्पका रूपमा यसको परीक्षण गरिएको थियो ।

टोनी बर्क, व्यापार तथा पर्यटनमन्त्री डन फारेल, कार्यवाहक यातायातमन्त्री क्रिस्टी म्याकबेन तथा कृषि, मत्स्यपालन एवं वनमन्त्री जुली कोलिन्सद्वारा जारी संयुक्त विज्ञप्तिअनुसार हालसम्म चार लाख ५० हजारभन्दा बढी यात्रुले डिजिटल प्रणाली प्रयोग गरिसकेका छन् र यसको परीक्षण सफल भएको छ ।

सरकारका अनुसार सन् २०२६ को अन्त्यसम्म पर्थ र एडिलेड पुग्ने क्वान्टास उडानमा पनि यो प्रणाली विस्तार गरिनेछ । त्यसपछि आगामी १२ देखि १८ महिनाभित्र सबै अन्तर्राष्ट्रिय विमानस्थल र समुद्री बन्दरगाहमा यसको कार्यान्वयन गरिने योजना छ ।

डिजिटल यात्रु कार्डमार्फत यात्रुले यात्रा सुरु हुनुभन्दा तीन दिनअघि नै आफ्नो व्यक्तिगत विवरण र भन्सारसम्बन्धी अनिवार्य घोषणा अनलाइनमार्फत भर्न सक्नेछन् । यसले आगमनपछि कागजी फाराम भर्ने झन्झट हटाउने सरकारको अपेक्षा छ ।

व्यापार तथा पर्यटन मन्त्री फारेलले यो प्रणालीले अस्ट्रेलियालाई अझ सहज र आकर्षक पर्यटन गन्तव्य बनाउन सहयोग पुग्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "आगमन प्रक्रियालाई सरल र छिटो बनाउँदा यात्रुले फाराम भर्न कम समय खर्चिनेछन् र अस्ट्रेलियाको भ्रमणमा बढी समय दिन सक्नेछन् ।"

सरकारका अनुसार यो आधुनिकीकरणले सन् २०३२ मा ब्रिस्बेनमा हुने ओलम्पिक तथा प्यारालम्पिक खेलका क्रममा बढ्ने अन्तर्राष्ट्रिय यात्रुको चाप व्यवस्थापन गर्न सीमा सुरक्षा निकायलाई समेत सहयोग पुर्‍याउनेछ ।

## विश्व सङ्क्षेप

### एकै दिनमा चार हजारभन्दा बढी अफगान शरणार्थी स्वदेश फर्किए

काबुल, १३ जुलाई (सिन्ह्वा) । कागजातविहीन विदेशी नागरिकलाई आफ्नो देश फर्किन दबाब बढिरहेका बेला छिमेकी मुलुकबाट अफगान शरणार्थीहरू स्वदेश फर्किने क्रम तीव्र बनेको छ । यसै क्रममा आइतबार एकैदिन चार हजारभन्दा बढी अफगान शरणार्थी स्वदेश फर्किएको सरकारी समाचार संस्था 'बख्तर न्युज एजेन्सी' ले सोमबार जनाएको छ ।

समाचारअनुसार, ७९० अफगान शरणार्थी परिवारका चार हजार १०० सदस्य आइतबार अफगानिस्तान फर्किएका हुन् ।

फर्किएका परिवारमध्ये ७७२ परिवारलाई सीमा नाकामा आवश्यक सहयोग उपलब्ध गराई सम्बन्धित प्रान्तमा पठाइसकिएको र बाँकी १८ परिवारलाई पनि छिट्टै गृह प्रान्त पठाइने बख्तरले जनाएको छ ।

स्वदेश फर्किएका अधिकांश शरणार्थी पाकिस्तानबाट आएका हुन् ।

दशकौँदेखि लाखौँ अफगान शरणार्थीलाई आश्रय दिँदै आएका पाकिस्तान र इरानले पछिल्लो समय कागजातविहीन विदेशी नागरिकलाई आफ्नो भूभाग छाड्न आग्रह गर्दै आएका छन् ।

यसअघि अफगान सरकारका उपप्रवक्ता हम्दुल्लाह फितरतले गत महिना ७६ हजार १८१ अफगान शरणार्थी स्वदेश फर्किएको जानकारी दिनुभएको थियो । उहाँका अनुसार स्वदेश फिर्ती प्रक्रिया निरन्तर जारी छ ।

अफगान अधिकारीहरूका अनुसार सन् २०२१ को अगस्टमा वर्तमान सरकार सत्तामा आएयता ८० लाखभन्दा बढी अफगान शरणार्थी स्वदेश फर्किसकेका छन् ।

### जापानका एक चौथाइभन्दा बढी नगरपालिकामा १० प्रतिशतभन्दा बढी जनसङ्ख्या घट्यो

टोकियो, १३ जुलाई (सिन्ह्वा) । जापानका एक चौथाइभन्दा बढी नगरपालिकामा सन् २०२० देखि २०२५ को अवधिमा जनसङ्ख्या १० प्रतिशतभन्दा बढीले घटेको जापानी समाचार संस्था 'क्योदो न्युज' ले आइतबार जनाएको छ ।

समाचारअनुसार, यस्तो गिरावट भएका नगरपालिकाको सङ्ख्या अघिल्लो पाँच वर्षको तुलनामा झण्डै दोब्बर भएको छ । सन् २०१५-२०२० मा २४७ नगरपालिका यस श्रेणीमा रहेकामा सन् २०२०-२०२५ मा यो सङ्ख्या बढेर ४७७ पुगेको छ ।

सबैभन्दा ठुलो जनसङ्ख्या गिरावट मध्य जापानको इशिकावा प्रिफेक्चरस्थित सुजु सहरमा देखिएको छ । सन् २०२४ को शक्तिशाली भूकम्पपछि त्यहाँको जनसङ्ख्या ३४ प्रतिशतले घटेको जनाइएको छ ।

उत्तरपूर्वी जापानका इवाते र अकिता तथा पश्चिमी जापानको कोची प्रिफेक्चरका आधाभन्दा बढी नगरपालिकामा पनि जनसङ्ख्या १० प्रतिशतभन्दा बढीले घटेको पाइएको छ ।

यो विश्लेषण सन् २०२० को राष्ट्रिय जनगणना र सन् २०२५ को अक्टोबर १ सम्मको प्रारम्भिक जनगणनाका तथ्याङ्कको आधारमा गरिएको हो । यसमा सरकारद्वारा तोकिएका २० प्रमुख सहरका १७१ प्रशासनिक जिल्लासहित कुल एक हजार ८९२ नगरपालिकाको जनसङ्ख्या परिवर्तनको अध्ययन गरिएको छ । विशेषज्ञहरूले तीव्र जनसङ्ख्या घट्दै जाँदा सार्वजनिक सेवा, स्थानीय अर्थतन्त्र र सामुदायिक संरचनामा नकारात्मक असर पर्ने चेतावनी दिएका छन् । उनीहरूले जापानको तीव्र जनसाङ्ख्यिक परिवर्तनलाई सम्बोधन गर्न प्रभावकारी नीतिको आवश्यकता रहेको बताएका छन् ।

यद्यपि, २४३ नगरपालिकामा जनसङ्ख्या वृद्धि भएको देखिए पनि अधिकांश क्षेत्रमा जनसङ्ख्या घट्ने प्रवृत्ति जारी रहेको र केवल जन्मदर बढाएर मात्रै यो समस्या समाधान गर्न कठिन हुने विश्लेषणमा उल्लेख गरिएको छ ।

### मध्य अमेरिकामा अत्यधिक गर्मीको लहर

वासिङटन, १३ जुलाई (एएफपी) । संयुक्त राज्य अमेरिकाको मध्य क्षेत्र आइतबार कीर्तिमानी अत्यधिक गर्मीको लहरको चपेटामा परेको छ । उत्तरी समथर भूभागदेखि रकी पर्वतीय क्षेत्रसम्म तापक्रमले विगतका कीर्तिमान तोडेको अमेरिकी राष्ट्रिय मौसम सेवाले जनाएको छ ।

प्रारम्भिक तथ्याङ्कअनुसार, युटा राज्यको राजधानी साल्ट लेक सिटी र मोन्टाना राज्यको सबैभन्दा ठुलो सहर बिलिङ्समा तापक्रम १०९ डिग्री फरेनहाइट (४३ डिग्री सेल्सियस) पुगेको छ ।

मौसम सेवाका अनुसार, दुवै सहरमा १५० वर्षभन्दा बढी समयदेखि राखिएको अभिलेखमा यो अहिलेसम्मकै उच्च तापक्रम हो । यसअघि साल्ट लेक सिटीमा १०७ डिग्री फरेनहाइट (४२ डिग्री सेल्सियस) र बिलिङ्समा १०८ डिग्री फरेनहाइट (४२ डिग्री सेल्सियस) को कीर्तिमान रहेको थियो ।

उच्च तापक्रमका कारण कोलोराडो र युटाका विभिन्न क्षेत्रमा फैलिएका डढेलो नियन्त्रणको प्रयास प्रभावित भएको छ । मौसमविद्हरूले अत्यधिक गर्मी मङ्गलबारसम्म कायम रहने अनुमान गरेका छन् ।

एक साताअघि पूर्वी अमेरिकामा पनि अर्को गर्मीको लहर चलेको थियो । त्यस क्रममा न्युयोर्क र फिलाडेल्फियामा तापक्रम करिब १०४ डिग्री फरेनहाइट पुगेको थियो ।

वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनका कारण विश्वभर अत्यधिक गर्मीका लहरहरू अझ बारम्बार, लामो समयसम्म रहने र तीव्र हुने प्रवृत्ति बढ्दै गएको छ । जीवाश्म इन्धनको दहनबाट हुने हरितगृह ग्यास उत्सर्जनलाई यसको मुख्य कारण मानिएको छ ।

यसैबिच, पश्चिमी युरोपले हालसम्मकै सबैभन्दा तातो जून महिनाको अनुभव गरेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार त्यहाँको हालैको गर्मीको लहरका कारण एक हजार तीन सयभन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

# आरोग्य जीवन राष्ट्रिय अभियानको सान्दर्भिकता

✍ डिल्लीराज पौडेल

काठमाडौँ। रोग लागेपछि उपचार गर्नु मात्र पर्याप्त हो वा रोगको जोखिम न्यूनीकरण गर्ने स्वस्थ जीवनशैली निर्माण गर्नु अझ ठूलो राष्ट्रिय जिम्मेवारी हो? आजको सार्वजनिक स्वास्थ्य बहसको केन्द्रमा यही प्रश्न रहेको छ। स्वास्थ्य प्रणालीको सफलतालाई अब अस्पताल, औषधि, उपचार सेवा वा स्वास्थ्य पूर्वाधारको विस्तारबाट मात्र मापन गर्न सकिँदैन। नागरिकले कति स्वस्थ, सचेत, जिम्मेवार तथा उत्पादनशील जीवन बिताइरहेका छन् भन्ने पक्ष पनि उत्तिकै महत्त्वपूर्ण भएको छ। त्यसैले विश्वव्यापी रूपमा स्वास्थ्यको केन्द्रबिन्दु उपचारमुखी सोचबाट क्रमश: रोकथाम, स्वास्थ्य प्रवर्द्धन तथा समग्र आरोग्यतर्फ रूपान्तरण हुँदै गएको छ।

यस परिवर्तित सन्दर्भमा नेपालका लागि पनि आरोग्यलाई राष्ट्रिय विकासको आधारका रूपमा पुन:स्थापित गर्ने महत्त्वपूर्ण अवसर सृजना भएको छ। स्वस्थ नागरिक नै समृद्ध राष्ट्रको आधार हुन् भन्ने तथ्य विश्वव्यापी रूपमा स्वीकार गरिएको छ। त्यसैले स्वास्थ्यलाई केवल रोगको उपचारसँग सीमित नराखी नागरिकको जीवनशैली, मानसिक सन्तुलन, पोषण, सामाजिक व्यवहार, वातावरण तथा जीवनपद्धतिसँग जोडेर हेर्ने दृष्टिकोण सुदृढ हुँदै गएको छ। यही सोचलाई व्यवहारमा रूपान्तरण गर्ने उद्देश्यका साथ आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई राष्ट्रिय जनचेतना, स्वस्थ जीवनशैली तथा रोकथाममुखी सार्वजनिक स्वास्थ्यको साझा अभियानका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ। यसले नेपालका लागि अर्को महत्त्वपूर्ण अवसर पनि सृजना भएको छ।

संयुक्त राष्ट्रसङ्घको महासभाले अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवसको रूपमा घोषणा गरेको छ। यस घोषणाले आरोग्यलाई व्यक्तिगत जीवनशैलीको विषय मात्र नभई रोकथाममुखी सार्वजनिक स्वास्थ्य, मानसिक सुदृढता, सामाजिक कल्याण तथा दिगो विकाससँग जोडिएको विश्वव्यापी प्राथमिकताका रूपमा स्थापित गरेको छ। नेपालका लागि यो अन्तर्राष्ट्रिय मान्यता कूटनीतिक उपलब्धि मात्र होइन, आरोग्यमुखी जीवनशैली, सार्वजनिक स्वास्थ्य प्रवर्द्धन, आरोग्य कूटनीति, वेलनेस पर्यटन, आध्यात्मिक पर्यटन तथा मानव केन्द्रित विकासलाई राष्ट्रिय नीतिसँग एकीकृत गर्ने ऐतिहासिक अवसर पनि हो।

आधुनिक चिकित्सा विज्ञान मानव सभ्यताको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिमध्ये एक हो। रोग पहिचान, निदान, शल्यक्रिया, औषधि, खोप, सघन उपचार तथा स्वास्थ्य प्रविधिमा भएको उल्लेखनीय प्रगतिले करोडौँ मानिसको जीवन बचाएको छ, औसत आयु बढाएको छ तथा जटिल रोगहरूको प्रभावकारी उपचार सम्भव बनाएको छ।

त्यसैले आधुनिक चिकित्सा विज्ञानको योगदान निर्विवाद छ तर उपचार क्षमतामा निरन्तर सुधार भइरहेको बेला गैरसङ्क्रामक रोग, मानसिक स्वास्थ्य समस्या तथा अस्वस्थ जीवनशैलीसँग सम्बन्धित चुनौतीहरू तीव्र रूपमा बढिरहेका छन्। यसले स्पष्ट रूपमा देखाउँछ कि दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्न उपचारसँगै रोकथाम र स्वास्थ्य प्रवर्द्धनलाई समान प्राथमिकता दिनुपर्दछ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२१ मा विश्वभर गैरसङ्क्रामक रोगका कारण करिब चार करोड ३० लाख मानिसको मृत्यु भएको थियो, जुन कूल मृत्युको करिब ७५ प्रतिशत हो। नेपालमा पनि कूल मृत्युको करिब ७१ प्रतिशत यिनै रोगका कारण हुने गरेको छ। असन्तुलित आहार, शारीरिक निष्क्रियता, सुर्ती तथा मदिराको हानिकारक प्रयोग, वायु प्रदूषण, दीर्घकालीन तनाव तथा अस्वस्थ जीवनशैली यस्ता रोगका प्रमुख जोखिम कारक हुन्। यी तथ्याङ्कहरूले सार्वजनिक स्वास्थ्य प्रणालीलाई उपचारमुखी मात्र नभई रोकथाममुखी बनाउनुपर्ने आवश्यकता स्पष्ट रूपमा औँल्याउँछन्।

मानसिक स्वास्थ्यको अवस्था झन् गम्भीर बन्दै गएको छ। नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०२४/२५ मा छ हजार ८६६ जनाले आत्महत्या गरेका थिए अर्थात् औसतमा प्रत्येक दिन १८ देखि २० जनाले आफ्नो जीवन गुमाएका थिए। उदासी, चिन्ता, सामाजिक एक्लोपन, डिजिटल निर्भरता, बेरोजगारी, आर्थिक दबाब तथा पारिवारिक विखण्डनले मानसिक स्वास्थ्यका चुनौतीलाई थप जटिल बनाइरहेका छन्।

विशेष गरी बालबालिका र युवामा बढ्दो स्क्रिन समय तथा डिजिटल निर्भरताले शारीरिक गतिविधि, सामाजिक सम्बन्ध र मानसिक सन्तुलनमा प्रतिकूल प्रभाव पारिरहेको छ। त्यसैले मानसिक स्वास्थ्यसँगै डिजिटल सन्तुलनलाई पनि आरोग्यमुखी जीवनशैलीको अभिन्न अङ्गका रूपमा समेटिनुपर्दछ।

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको अवस्था पनि उत्तिकै संवेदनशील छ। श्रमशोषण, मानसिक तनाव, स्वास्थ्य सेवामा सीमित पहुँच, कार्यस्थल दुर्घटना, पारिवारिक दूरी तथा स्वदेश फर्किएपछि पुन:स्थापनाका चुनौतीहरूले उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक आरोग्यमा प्रतिकूल प्रभाव पारिरहेका छन्। त्यसैले आरोग्यको अवधारणाले देशभित्रका नागरिक मात्र होइन, विदेशमा रहेका नेपाली श्रमिक तथा उनीहरूको परिवारको समग्र कल्याणलाई पनि समान प्राथमिकतामा समेट्नुपर्दछ।

यी सबै यथार्थहरूले स्वास्थ्यलाई केवल उपचार प्रणालीका रूपमा हेर्ने परम्परागत दृष्टिकोण परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याएका छन्। स्वास्थ्य व्यक्ति, परिवार, शिक्षा, पोषण, मानसिक सन्तुलन, सामाजिक सम्बन्ध, कार्यस्थल, वातावरण तथा जीवनशैलीसँग अभिन्न रूपमा जोडिएको समग्र विकासको आधार हो। त्यसैले, स्वस्थ समाज निर्माणका लागि केवल स्वास्थ्य मन्त्रालयको प्रयास पर्याप्त हुँदैन। शिक्षा, कृषि, श्रम, युवा तथा खेलकुद, सञ्चार, स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, धार्मिक तथा सामुदायिक संस्था तथा प्रत्येक नागरिकको सक्रिय सहभागिता आवश्यक पर्दछ। सबै पक्षको संयुक्त प्रयासबाट मात्र आरोग्यमुखी समाज निर्माण सम्भव हुन्छ। यही कारण सार्वजनिक स्वास्थ्यलाई आज बहुक्षेत्रीय, बहुपक्षीय तथा साझा राष्ट्रिय दायित्वका रूपमा परिभाषित गरिएको छ।

नेपालको सन्दर्भमा जलवायु परिवर्तन पनि सार्वजनिक स्वास्थ्यको उदीयमान चुनौती बनेको छ। बढ्दो तापक्रम, वायु प्रदूषण, बाढी, पहिरो तथा अन्य जलवायुजन्य विपद्ले शारीरिक र मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पुर्‍याइरहेका छन्। त्यसैले आरोग्यमुखी जीवनशैली, स्वस्थ वातावरण तथा जलवायु अनुकूल विकासलाई परस्पर पूरक नीतिका रूपमा अघि बढाउन आवश्यक छ। विश्वव्यापी रूपमा पनि आरोग्यमुखी सोच तीव्र रूपमा विस्तार भइरहेको छ। ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार सन् २०२३ मा विश्वको वेलनेस अर्थतन्त्र करिब ६.३ ट्रिलियन अमेरिकी डलर पुगेको थियो र आगामी केही वर्षमा करिब नौ ट्रिलियन अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ। यसले विश्व समुदाय उपचारभन्दा अघि स्वस्थ जीवनशैली, पोषण, योग, ध्यान, मानसिक सन्तुलन तथा तनाव व्यवस्थापनतर्फ उन्मुख भइरहेको स्पष्ट देखाउँछ। नेपालले पनि यस परिवर्तनलाई सार्वजनिक स्वास्थ्य नीति, मानव पुँजी विकास तथा दिगो आर्थिक रूपान्तरणसँग जोड्न सक्नुपर्दछ।

नेपाल प्राकृतिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले आरोग्यमुखी विकासका लागि विशिष्ट सम्भावना बोकेको राष्ट्र हो। हिमालय, जैविक विविधता, स्थानीय खाद्य प्रणाली, औषधीय जडीबुटी, योग, ध्यान, आयुर्वेद, बौद्ध तथा वैदिक दर्शन, लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ तथा अन्य आध्यात्मिक केन्द्रहरूले नेपाललाई विश्वस्तरीय आरोग्य तथा आध्यात्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने बलियो आधार प्रदान गर्दछन्। साथै, नेपाली समाजका परम्परागत खानपान, पैदल हिँड्ने संस्कृति, सामुदायिक सहकार्य तथा प्रकृतिसँगको निकट सम्बन्ध आफैँमा आरोग्यमुखी जीवनशैलीका महत्त्वपूर्ण आधार हुन्। यिनलाई वैज्ञानिक अनुसन्धान, गुणस्तरीय सेवा तथा अन्तर्राष्ट्रिय मापदण्डसँग जोड्न सकियो भने सार्वजनिक स्वास्थ्य प्रवर्द्धनसँगै रोजगारी, स्थानीय अर्थतन्त्र तथा हरित विकासमा महत्त्वपूर्ण योगदान पुग्न सक्दछ।

आरोग्य भनेको रोगको अनुपस्थिति मात्र होइन। यो शरीर, मन, भावना, परिवार, सामाजिक सम्बन्ध, कार्यसंस्कृति, वातावरण तथा जीवनशैलीबिचको सन्तुलित अवस्था हो। त्यसैले आरोग्य आधुनिक चिकित्साको विकल्प होइन; बरु आधुनिक चिकित्सा, सार्वजनिक स्वास्थ्य, मानसिक स्वास्थ्य तथा स्वस्थ जीवनशैलीलाई एकीकृत गर्ने समग्र दृष्टिकोण हो। उपचारले रोग व्यवस्थापन गर्दछ र जीवन बचाउँछ भने आरोग्यमुखी जीवनशैलीले रोगको जोखिम घटाउँछ; जीवनको गुणस्तर अभिवृद्धि गर्दछ तथा दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्दछ। भविष्यको प्रभावकारी स्वास्थ्य प्रणाली उपचार र रोकथाम दुवैलाई समान महत्त्व दिने सन्तुलित अवधारणामा आधारित हुनुपर्दछ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गरेको छ। यस संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्न उपचार सेवाको विस्तारसँगै स्वास्थ्य प्रवर्द्धन र रोगको रोकथामलाई पनि समान प्राथमिकतामा राख्न आवश्यक छ। यही दृष्टिकोणलाई विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य प्रवर्द्धन तथा सबै नीतिमा स्वास्थ्यको अवधारणामार्फत जोड दिएको छ। यसको सार के हो भने स्वास्थ्य मन्त्रालयले मात्र होइन, शिक्षा, कृषि, वातावरण, खाद्य प्रणाली, सहरी विकास, यातायात, श्रम, सञ्चार, खेलकुद, पर्यटन तथा स्थानीय सरकारले पनि आफ्ना नीति र कार्यक्रममार्फत नागरिकको आरोग्य प्रवर्द्धन गर्ने साझा दायित्व वहन गर्नुपर्दछ भन्ने हो। नेपालमा यही बहुक्षेत्रीय दृष्टिकोणलाई व्यवहारमा उतार्न सकियो भने स्वस्थ, सक्षम, प्रतिस्पर्धी तथा समृद्ध समाज निर्माणको बलियो आधार तयार हुनेछ।

विश्व स्वास्थ्य सङ्गठनले स्वस्थ बुढ्यौलीलाई सार्वजनिक स्वास्थ्यको प्रमुख प्राथमिकतामध्ये एकका रूपमा जोड दिएको छ। नेपाल पनि क्रमश: वृद्धजनको सङ्ख्या बढ्दै गएको समाजतर्फ उन्मुख भइरहेका कारण स्वस्थ बुढ्यौलीलाई राष्ट्रिय स्वास्थ्य नीतिको अभिन्न अङ्ग बनाउनु आवश्यक छ। नियमित शारीरिक गतिविधि, सन्तुलित पोषण, मानसिक सक्रियता र सामाजिक सहभागिताले वृद्धावस्थामा पनि स्वस्थ, सक्रिय र सम्मानजनक जीवन सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउँछन्।

परिवार; आरोग्यमुखी समाजको पहिलो विद्यालय हो। स्वस्थ आहार, नियमित व्यायाम, पर्याप्त निद्रा, डिजिटल उपकरणको सन्तुलित प्रयोग, पारिवारिक संवाद, भावनात्मक सहयोग तथा अनुशासित जीवनशैलीको संस्कार परिवारबाटै विकास हुन्छ। सञ्चारमाध्यम, शैक्षिक संस्था, धार्मिक तथा सांस्कृतिक सङ्गठन, नागरिक समाज र निजी क्षेत्रले पनि वैज्ञानिक प्रमाणमा आधारित स्वास्थ्य साक्षरता अभिवृद्धि गर्दै स्वस्थ जीवनशैलीलाई सामाजिक आन्दोलनका रूपमा स्थापित गर्न सक्दछन्। विशेष गरी सामाजिक सञ्जालको बढ्दो प्रभावका बिच गलत सूचना तथा अवैज्ञानिक स्वास्थ्य दावीबाट नागरिकलाई जोगाउनु आजको महत्त्वपूर्ण दायित्व हो।

आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई संयुक्त राष्ट्रसङ्घका दिगो विकास लक्ष्य, नेपालको सार्वभौमिक स्वास्थ्य पहुँच, मानव पुँजी विकास, सामाजिक समावेशिता, जलवायु अनुकूल विकास तथा दिगो आर्थिक समृद्धिसँग एकीकृत गरी कार्यान्वयन गर्नुपर्दछ। स्वस्थ जनशक्ति कुनै पनि राष्ट्रको सबैभन्दा महत्त्वपूर्ण उत्पादनशील पुँजी हो। रोकथाममुखी सार्वजनिक स्वास्थ्य प्रणालीले उपचार खर्च घटाउँछ, श्रम उत्पादकत्व बढाउँछ, परिवारको आर्थिक भार कम गर्छ तथा राष्ट्रिय अर्थतन्त्रलाई थप सुदृढ बनाउँछ। यस अर्थमा आरोग्यमुखी जीवनशैलीमा गरिने लगानी खर्च होइन, राष्ट्रको भविष्य, मानव पुँजी र दिगो समृद्धिमा गरिने रणनीतिक लगानी हो।

नेपालले अब उपचारमुखी सोचसँगै आरोग्यमुखी विकासको राष्ट्रिय यात्रा आत्मविश्वासका साथ प्रारम्भ गर्नुपर्दछ। 'औषधिभन्दा अघि चेतना, रोगभन्दा अघि रोकथाम' भन्ने सन्देश अस्पतालभित्र मात्र सीमित नरही विद्यालय, परिवार, कार्यस्थल, सञ्चारमाध्यम, स्थानीय सरकार, निजी क्षेत्र तथा प्रत्येक नागरिकको दैनिक व्यवहारमा रूपान्तरण हुनुपर्दछ। जब आरोग्य व्यक्तिगत अभ्यासबाट सामाजिक संस्कृतिमा र सामाजिक संस्कृतिबाट राष्ट्रिय चरित्रमा रूपान्तरण हुन्छ तब मात्र स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, प्रतिस्पर्धी अर्थतन्त्र र समृद्ध नेपालको आधार निर्माण हुनेछ।

अन्ततः कुनै पनि राष्ट्रको वास्तविक शक्ति अस्पतालको सङ्ख्या वा उपचार सेवाको विस्तारबाट मात्र मापन हुँदैन। त्यसको वास्तविक मापन स्वस्थ, सचेत, नैतिक, अनुशासित, उत्पादनशील तथा सिर्जनशील नागरिकबाट हुन्छ। उपचार सधैँ अपरिहार्य रहनेछ, तर उपचारलाई मात्र स्वास्थ्यको पर्याय मान्ने सोच अब पर्याप्त छैन। भविष्यको समृद्ध नेपाल निर्माणका लागि उपचार र आरोग्यबिच सन्तुलित समन्वय स्थापित गर्दै रोकथाममुखी, मानव केन्द्रित तथा दिगो सार्वजनिक स्वास्थ्य प्रणाली निर्माण गर्नु समयको अपरिहार्य आवश्यकता हो। यही दृष्टिले आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ केवल स्वास्थ्य क्षेत्रको कार्यक्रम होइन; यो स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको साझा राष्ट्रिय अभियान हो। उपचार र रोकथामबिचको सन्तुलित समन्वयमार्फत आरोग्यमुखी संस्कृतिको विकास गर्न सकियो भने नेपालले स्वास्थ्यलाई विकासको केन्द्रमा स्थापित गर्दै समावेशी, दिगो र समुन्नत राष्ट्र निर्माणतर्फ ऐतिहासिक फड्को मार्न सक्नेछ। ***रासस***

# पहिरोले मेची राजमार्ग अवरुद्ध

इलाम, २९ असार। निरन्तरको वर्षाले मेची राजमार्ग र झापासँग जोड्ने दुवै वैकल्पिक सडक बन्द भएपछि इलाम, पाँचथर र ताप्लेजुङको आवागमन ठप्प भएको छ। यातायात अवरुद्ध भएसँगै बिरामी, यात्रु र मालबाहक ढुवानीसमेत प्रभावित बनेका छन्।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी लक्ष्मी भण्डारीका अनुसार इलाम नगरपालिका-९ राजदुवालीमा पुरानै पहिरो थप धसिएर सडक बगेपछि कुनै पनि प्रकारका सवारीसाधन सञ्चालन गर्न सकिने अवस्था छैन।

उहाँले भन्नुभयो, "गोदक-जोगमाई-तिल्केनी सडकमा रहेको डाइभर्सनमाथिबाट बाढी बगेपछि यो वैकल्पिक मार्ग पनि बन्द भएको छ। केचना-कञ्चनजङ्घा मार्गअन्तर्गत पुवाखोलाको डाइभर्सन डुबानमा परेपछि उक्त सडकबाट यातायात सञ्चालन हुन सकेको छैन।"

डिभिजन सडक कार्यालय इलामका प्रमुख पवन भट्टराईले वर्षा रोकिएका बेला सडक मर्मतको काम भइरहे पनि लगातारको वर्षाले काम प्रभावित भएको बताउनुभयो। जोगमाई र पुवाखोलामा बेलीब्रिज जडानको तयारी रहे पनि भारतबाट सामग्री र प्राविधिक आउने मिति अझै निश्चित नभएकाले तत्काल समाधान हुने अवस्था नरहेको उहाँको भनाइ छ।

यातायात अवरुद्ध भएपछि इलाममा मालवाहक सवारीसाधन प्रवेश गर्न नसकेको इलाम उद्योग वाणिज्य सङ्घले जनाएको छ। सङ्घका अध्यक्ष चेतनाथ पौडेल (कृष्ण) का अनुसार व्यवसायीले साना सवारीमा सामान ओसारेर दैनिक आवश्यकताको जोहो गरिरहेका थिए, तर वैकल्पिक मार्गसमेत बन्द भएपछि इन्धन र खाद्यान्नको अभाव हुन सक्ने जोखिम बढेको छ। "सडक सञ्चालनलाई प्राथमिकतामा राखेर सम्बन्धित निकायले तत्काल प्रभावकारी पहल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो," उहाँले भन्नुभयो।

मेची क्षेत्रको मुख्य जीवनरेखा मानिने मेची राजमार्गको राजदुवाली खण्ड विगत तीन वर्षदेखि बर्खायाममा निरन्तर पहिरोको उच्च जोखिममा पर्दै आएको छ। करिब आधा किलोमिटर सडक बारम्बार धसिने समस्याले यस वर्ष पनि यातायात सञ्चालनमा गम्भीर असर पुर्‍याएको छ। पुवाखोला र कोल्बुङ क्षेत्रमा समेत पहिरोको जोखिम कायम रहेकाले थप वर्षा भए आवागमन अझ प्रभावित हुन सक्ने स्थानीयको भनाइ छ।

सडकको दु:खले यातायात व्यवसायी पीरमा छन्। "हरेक दिन सडक खुल्छ कि भन्ने आशामा निस्कन्छौँ। तर पानी परेपछि फेरि सबै बन्द हुन्छ", इलाम नगरपालिका-७ का सवारी चालक निङ्मा शेर्पाले भन्नुभयो, "गाडीको किस्ता, इन्धन र घरखर्च धान्नै गाह्रो भएको छ।" ***रासस***

***हर्मुजमा...***

घट्यो। इरान र अमेरिकाबिचको वार्ता आयोजना गर्ने कतारको आफ्नै गम्भीर दाउ छ, यसको सम्पूर्ण एलएनजी निर्यात उद्योग हर्मुजको जलमार्गमा निर्भर छ। यही कारण कतारले समाधानका लागि कडा दबाब दिइरहेको छ।

समस्याको समाधानबाट प्राप्त हुने व्यावसायिक लाभ र संयुक्त राष्ट्रसङ्घीय समुद्री कानुन महासन्धिको हस्ताक्षरकर्ताका रूपमा रहेको आफ्नो कानुनी अडानका कारण ओमान भने दोधारमा छ। खाडी क्षेत्रका आफ्ना टर्मिनलहरूमा अत्यधिक निर्भर रहेको इराकले टर्की हुँदै उत्तरतर्फ जाने निर्यात मार्गको सम्भावनाबारे गोप्य रूपमा अध्ययन गरेको छ। तर, कुनै पनि वैकल्पिक उपाय सस्तो छैन र ती सबै व्यावसायिक हुनुका साथै राजनीतिक प्रकृतिका पनि छन्। यिनले खाडी राष्ट्रको आर्थिक भविष्यलाई अमेरिका र इरानबिचको सम्झौतासँग जोडिदिएका छन्।

**बीमा खर्च र मुद्रास्फीति**

यस क्षेत्रभन्दा बाहिर यो सङ्कट मुख्यतया दुई माध्यमबाट फैलिएको छ, मूल्य र बिमा। आपूर्ति शृङ्खलामार्फत इन्धनको उच्च मूल्य विभिन्न उपभोग्य वस्तुसम्म पुग्छ र आर्थिक वृद्धिलाई सुस्त बनाउँछ। उक्त जलमार्ग बन्द हुँदा विश्व अर्थतन्त्रको वृद्धिदर गत वर्षको ३.४ प्रतिशतबाट घटेर सन् २०२६ सम्ममा २.८ प्रतिशतमा सीमित भएको हुन सक्ने विभिन्न अनुमानले देखाएका छन्।

युद्धअघि जहाजको मूल्यको लगभग ०.२५ प्रतिशत लागत हुने हर्मुज ट्रान्जिटको बिमा आठ प्रतिशतसम्म बढेको छ। वासिङटनको अन्तर्राष्ट्रिय विकास वित्त निगमले अन्तिम बीमाकर्ताको रूपमा हस्तक्षेप गर्नुपरेको छ। निगमले जहाज सञ्चालनमा ल्याउन ४० अर्ब डलरसम्मको पुनर्बीमा क्षमता प्रदान गर्दै छ।

यसको मार सबैभन्दा बढी चीनले खेपेको छ। उसले आफ्नो कच्चा तेलको आयातको करिब ४० प्रतिशत हिस्सा हर्मुजमार्फत भित्र्याउँछ र इरानको कुल तेल निर्यातको ८० प्रतिशतभन्दा बढी हिस्सा आफैँ खरिद गर्छ। यसले चीनलाई एकैसाथ तेहरानको सबैभन्दा महत्त्वपूर्ण ग्राहक र यस द्वन्द्वको सबैभन्दा बढी जोखिममा परेको पक्षमध्ये एक बनाएको छ।

मध्यपूर्वबाट आउने आफ्नो कच्चा तेलको ७० प्रतिशत हिस्सा सोही जलमार्गत आयात गर्ने जापानले त आफ्नो रणनीतिक भण्डारको प्रयोगसमेत गरिसकेको छ। एसिया र युरोपभरका आयातमा निर्भर अर्थतन्त्रका लागि यस जलमार्गको अवस्था मध्यपूर्वी कूटनीतिको कुनै अमूर्त विषय होइन। यसको असर इन्धन, ढुवानी र मलको मूल्यमा प्रत्यक्ष रूपमा देखिन्छ।

समाचारमा तेल र ग्यासले मुख्य स्थान ओगटे पनि विश्वको समुद्री मार्गबाट हुने मलको व्यापारको करिब ३० प्रतिशत हिस्सा पनि हर्मुज जलमार्ग भएरै हुने गर्छ। मुख्यतया यस मार्गको बन्दका कारण सन् २०२६ को पहिलो त्रैमासिकमा विश्व बैङ्कको मल मूल्य सूचकाङ्क १२ प्रतिशतभन्दा बढीले बढेको छ र अक्टोबर २०२२ यताकै उच्च बिन्दुमा पुगेको छ। युरिया तथा अन्य नाइट्रोजनयुक्त उत्पादनको अभावले सन् २०२६-२७ को बाली उत्पादनमा कमी आउन सक्ने खाद्य तथा कृषि सङ्गठनले चेतावनी दिएको छ। यसको सबैभन्दा बढी मार आयातमा निर्भर तथा खाद्य असुरक्षामा जोखिममा रहेका अफ्रिका र एसियाका मुलुकलाई पर्नेछ।

***- अलजजिराबाट***

# जिल्लाव्यापी टेबुलटेनिस प्रतियोगिता चालु



भक्तपुर, २९ असार । प्रभात इङलिश सेकेन्डरी स्कूलको आयोजनामा आइतबारदेखि सुरू भएको भक्तपुर जिल्लाव्यापी टेबलटेनिस प्रतियोगिता सोमबार पनि चालू रह्यो ।

प्रतियोगितातर्फ छात्रा १२ वर्षमुनितर्फको इभेन्टसमा आरोही सुवाल (प्रभात इङलिस सेकेन्डरी स्कुल) प्रथम, साइना लिवी (प्रोक्सिमा इन्टरनेसनल एकेडेमी) द्वितीय, एलिसिया न्हुछे (प्रभात इङलिश सेकेन्डरी स्कुल) र आशिका बजगाइँ (वरदायणी आधारभूत विद्यालय) तृतीय हुन सफल भए ।

त्यस्तै छात्र १२ वर्ष मुनितर्फ इभेन्ट्समा श्रीयान लाखे (प्रभात इङलिश सेकेन्डरी स्कूल) प्रथम, अरबीत गाइजू ( प्रोक्सिमा इन्टरनेसनल एकेडेमी) द्वितीय र एलेक्स सुवाल (एभरेष्ट इङलिश स्कूल) र स्वर्णिम सितिखु (प्रभात इङलिस सेकेन्डरी स्कूल) तृतीय हुन सफल भए ।

सोमबार सम्पन्न प्रतिस्पर्धाअन्तर्गत छात्रा टीम इभेन्ट्समा प्रभात सेकेन्डरी स्कूल प्रथम, लर्नस एकेडेमी द्वितीय तथा जेन्युइन सेकेन्डरी स्कूल र प्रोक्सिमा इन्टरनेसनल एकेडेमी तृतीय भए । छात्र टीम इभेन्ट्समा प्रभात इङ्गलिश सेकेन्डरी स्कूल प्रथम, प्रोक्सिमा इन्टरनेसनल एकेडेमी द्वितीय तथा जेन्युइन सेकेन्डरी स्कूल र लर्नस एकेडेमी स्कूल तृतीय हुन सफल भए ।

प्रतियोगिताका संयोजक मुना बासुकलाका अनुसार छात्र र छात्रा १६ वर्ष मुनितर्फको इभेन्ट खेलको फाइनल मङ्गलबार दिनको २:०० बजे बेखाल टेबुलटेनिस कभर्ड हलमा हुनेछ ।

उक्त फाइनल खेलमा छात्रातर्फ उरबी सुवाल (प्रभात इङलिश सेकेन्डरी स्कूल) र मालाश्री सुवाल (लर्नस एकेडेमी) बिच र छात्रतर्फ सफल सुवाल (प्रभात इङलिश सेकेन्डरी स्कूल) र नयन ललुवा (प्रोक्सिमा इन्टरनेसनल स्कूल) बिच हुनेछ ।

विजयी विद्यार्थीहरूलाई ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरिने आयोजक विद्यालयका प्रिन्सिपल स्वर्णिमा मूलले जानकारी दिनुभयो ।

'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिक नियमित पढौं !

## कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- ❖ कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- ❖ आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- ❖ उन्नत बीउ, मल तथा सिंचाइको उचित प्रयोग गरौं,
- ❖ जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- ❖ कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- ❖ विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- ❖ स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- ❖ व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
Shree Barahi Saving & Credit Co-operative Society Ltd.

ACCESS BRONZE



भुलाँचा–४, भक्तपुर, ६६११३६४

## ऋण चुक्ता गर्नेबारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/३० गते

यस संस्थाबाट ऋण लिने तपसिलबमोजिमका ऋणी सदस्यहरूले ऋण लिँदा गरिदिएको लिखत तथा सर्तनामामा तोकिएअनुसार बुझाउनुपर्ने सावाँ, ब्याज रकमहरू नबुझाई ऋण लिँदा गरेको सर्त कबुलियतको उल्लङ्घन गरेको र संस्थाबाट मौखिक एवं लिखित पटकपटक ताकेता गर्दासमेत सोको बेवास्ता गरी ऋण दायित्व तिर्ने बुझाउनेतर्फ कुनै तदारूकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज र हर्जना रकम एकमुष्ट चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो सुरक्षण लिलाम गरी तथा तमसुकबमोजिम असुल गरिनेछ । उक्त धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम असुलउपर भई ऋण बाँकी रहन गएमा ऋणी र धितो जमानीकर्तालाई कालोसूचीमा समावेश गर्ने र सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण नीतिमा व्यवस्था भएबमोजिम कानुनी प्रक्रियाबाट ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासगोल परिवारको नाउँमा नेपालभर भएको अन्य चलअचल सम्पत्तिबाट संस्थाको लेना रकम असुलउपर गरी लिने व्यहोरा ऋणी, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १ | नाम : विकास कार्की<br>सदस्य नं. : ३१८१<br>ऋण नं. : ४४१-००८४६-५<br>ना.प्र.नं. : ४४०/९९३७<br>बाबु : इन्द्रबहादुर कार्की<br>बाजे : हरिबहादुर कार्की<br>ठेगाना : दोलखा, खारे-२,<br>हाल बसोबास सूर्यविनायक न.पा., वडा नं-९ |  | जग्गा धनीको नाम : देविका कार्की<br>पति : विकास कार्की<br>ससुरा : इन्द्रबहादुर कार्की<br>जिल्ला : दोलखा<br>क्षेत्र : खारे<br>वडा नं. : १<br>कित्ता नं. : ५१८<br>क्षेत्रफल: १०० वर्ग मि. |
| २. | नाम : कृष्णदेवी आजख्या<br>सदस्य नं. : २८३<br>ऋण नं. : ४४१-०१३०१-५<br>ना.प्र.नं. : ७-२५१०<br>बाबु/पति : लक्ष्मीभक्त आजख्या/सुब्बासिंह श्रेष्ठ<br>ससुरा : रामबहादुर श्रेष्ठ<br>ठेगाना : भक्तपुर न.पा.-११,<br>हाल बसोबास सूर्यविनायक न.पा.-६ |  | जग्गा धनीको नाम : कृष्णदेवी आजख्या<br>पति : सुब्बासिंह श्रेष्ठ (राजेश)<br>ससुरा : रामबहादुर श्रेष्ठ<br>जिल्ला : भक्तपुर<br>क्षेत्र : कटुञ्जे<br>वडा नं. : ८ (ख)<br>कित्ता नं. : ४४४८<br>क्षेत्रफल: ०-२-३-० |
| ३. | नाम : न्हुछेभक्त मानन्धर<br>सदस्य नं. : ६२४<br>ऋण नं : ४४५–००४११–५<br>ना.प्र.नं. : १६४२७<br>बाबु : किसलाल मानन्धर<br>बाजे : तुई सिं मानन्धर<br>ठेगाना : भक्तपुर न.पा.-१४<br>हाल परिवर्तित वडा नं.-४ |  | जग्गा धनीको नाम : न्हुछेभक्त मानन्धर<br>बाबु : किसलाल मानन्धर<br>बाजे : तुई सिं मानन्धर<br>जिल्ला : भक्तपुर<br>क्षेत्र : भक्तपुर न.पा.<br>वडा नं. : १४<br>कित्ता नं. : ८६९<br>क्षेत्रफल : ०-०-२-० |
| ४. | नाम : सुमन रानामगर<br>सदस्य नं. : २३०२<br>ऋण नं : ४४८–००१४६–७<br>ना.प्र.नं. : ५९७<br>बाबु : रामबहादुर रानामगर<br>बाजे : चन्द मर्दन रानामगर<br>ठेगाना : भक्तपुर जिल्ला, झौखेल-७ |  | जग्गा धनीको नाम : सुमन रानामगर<br>बाबु : रामबहादुर रानामगर<br>बाजे : चन्द मर्दन रानामगर<br>जिल्ला : भक्तपुर<br>क्षेत्र : झौखेल<br>वडा नं. : ७<br>कित्ता नं. : ४२२<br>क्षेत्रफल : ०-१३-०-० |
| ५. | नाम : प्रदिपकुमार थापा<br>सदस्य नं. : ३२७०<br>ऋण नं : ४४८–००१४७–२<br>ना.प्र.नं. : १०८२-०३५-०३६<br>बाबु : विष्णुबहादुर थापा<br>बाजे : पदमबहादुर थापा<br>ठेगाना : भक्तपुर जिल्ला, छालिङ-११ |  | जग्गा धनीको नाम : गायत्री थापा<br>पति : प्रदिपकुमार थापा<br>ससुरा : विष्णुबहादुर थापा<br>जिल्ला : भक्तपुर<br>क्षेत्र : छालिङ<br>वडा नं : ५ (ख)<br>कित्ता नं. : ५७५<br>क्षेत्रफल : १-९-२-०<br><br>जग्गा धनीको नाम : प्रदिपकुमार थापा<br>बाबु : विष्णुबहादुर थापा<br>बाजे : पदमबहादुर थापा<br>जिल्ला : भक्तपुर<br>क्षेत्र : छालिङ |
| ६. | नाम : सविन नायभा<br>सदस्य नं. : ३४१७<br>ऋण नं : ४४३–०१४०२–७<br>ना.प्र.नं. : १५१६६<br>बाबु : विष्णुभक्त नायभा<br>बाजे : शिवभक्त नायभा<br>ठेगाना : भक्तपुर जिल्ला, भ.न.पा.-९,<br>हाल परिवर्तित भ.न.पा.-६ |  | जग्गा धनीको नाम : चंचला जती (नायभा)<br>पति : सविन नायभा<br>ससुरा : विष्णुभक्त नायभा<br>जिल्ला : भक्तपुर<br>क्षेत्र : भ.न.पा.<br>वडा नं. : १<br>कित्ता नं. : १००६<br>क्षेत्रफल: ०-०-१-३ |

| क्र.सं | ऋणीको विवरण | धितो/सवारी साधनको विवरण | फोटो |
|---|---|---|---|
| ७. | नाम : राधेश्याम शिल्पकार<br>सदस्य नं. : ३५५०<br>ऋण नं. : ४४२-००१४८-६<br>ना.प्र.नं. : ४३६६<br>बाबु : कृष्ण शिल्पकार<br>बाजे : गोपाल सिं शिल्पकार<br>स. ठेगाना : मङ्गलाछेँ-४, भक्तपुर | दर्ता नं.: बा २ क १८७१<br>कम्पनी : CASENEW Halland Con.<br>मोडेल : 770EX Magnum,2015<br>इ.नं.: 8045,45*735-166145N<br>च्या.नं.: B15H00439<br>बनोट : ब्याक्हो लोडर |  |

| क्र.सं | ऋणीको विवरण | फोटो |
|---|---|---|
| ८. | नाम : दिनेश बासुकला<br>सदस्य नं. : ५३१२<br>ऋण नं : ४४३–०१४८०–५<br>ना.प्र.नं. : २९-०१-०६५-००११३<br>बाबु : पुण्यराम बासुकला<br>बाजे : अष्टमान बासुकला<br>ठेगाना : ब्यासी-२, भक्तपुर |  |

## सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### एड्भान्स फोटोग्राफी तालिमसम्बन्धी सूचना

**दुईहप्ते एड्भान्स फोटोग्राफी तालिम**मा सहभागी हुन इच्छुक सदस्य एवं सदस्य परिवारबाट **२०८३ साउन १५ गतेभित्र** आफ्नो नाम दर्ता गराउन सूचित गराइन्छ ।



### तालिम

**समय : बिहान ६:00 बजेदेखि ८:00 बजेसम्म**

**स्थान : सिद्धि गणेश तालिम हल, खँचा**

**दर्ता शुल्क : रू २000।- प्रतिव्यक्ति**

**युवा उपसमिति**

***पुनश्च :*** *तालिममा बढीमा १५ जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

### संस्थाको ऋण सुविधा उपयोग गरौं

## किस्ताबन्दी ऋण




**सदस्यहरूको आवश्यकता पुर्तिका लागि निश्चित समय अन्तरालमा किस्ताबन्दी भुक्तानी गर्न ।**

- मासिक किस्ताबन्दी भुक्तानीमा १५ वर्ष सम्मको अवधि ।
- त्रैमासिक किस्ताबन्दी भुक्तानीमा १० वर्ष सम्मको अवधि ।

**५.५% ब्याजदरमा**

**हाललाई पचास लाख सम्मको लगानी**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

## सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

ACCESS BRONZE

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा